का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १४३
- १३ साउन २०७७, मंगलबार
- 28 July 2020, Tuesday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: सोमबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | १८७५२ जना | १३७५४ जना | ३४७२७५ | ४९५० | ४८ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ६४ लाख ९६ हजार | १ करोड ९५ हजार | ६ लाख ५३ हजार | ५७ लाख ४७ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# नरोकिने मूड

■सोमबार खुमलटारमा प्रचण्ड-नेपाल पक्षको भेला ■बालुवाटारमा प्रधानमन्त्री ओलीको छलफल

**प्रधानमन्त्री र अध्यक्ष दुवै पदबाट केपी शर्मा ओलीको राजीनामा मागिए पछि लगातार अवरूद्ध हुँदै आएको स्थायी कमिटी बैठक अब भने धेरै अनिर्णयको बन्दी हुन नदिने निष्कर्षमा प्रचण्ड-माधव नेपाल पक्ष पुगेको छन्।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ साउन।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटी बैठक आजका लागि तय भएको छ। गएको असार १७ गते देखि बस्न नसकेको बैठक आज बोलाइएको छ। तर, एक सातासम्म स्थगित स्थायी कमिटी सञ्चालन गर्न ठोस् पहल नदेखिएकाले आजको बैठक पनि बस्ने संभावना न्यून देखिन्छ। स्थायी कमिटी सदस्य किरण गुरुङ स्थायी कमिटी आज पनि बस्नेमा ढुक्क देखिदैनन्। गुरुङ भन्छन्, "नेताहरुबीच सहमति जुटेको थाहा पाएको छैन, त्यसैले बैठक हुनेमा ढुक्क हुन सकिदैन।"


हुन पनि नेकपाको बैठक दुई पटक एक-एक साताका लागि स्थगित भएको छ भने एक दिन बिराएर धेरै पटक स्थगित भइसकेको छ। गएको साउन ६ गते एक साताका लागि बैठक स्थगित गरिएको छ। तर, यसपटक भने पहिले जस्तो सम्वादका लागि समय आवश्यक रहेको नभनी बाढी, पहिरो लगायत प्रकोपमा परेकाहरुलाई उद्धार गर्न एक साता स्थगित गर्ने निर्णय भएको थियो।

तर, यो बीचमा नेताहरु न प्रकोपमा परेकाहरुलाई उद्धारमा खटिए न त पार्टीभित्र देखिएको प्रकोप हल गर्नतिर लागे। यो अवधिमा झनै अवस्था बिग्रिएर गएको देखिन्छ। साउन ९ गते अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सार्वजनिक मञ्चबाटै प्रधानमन्त्री ओलीको कडा आलोचना गरेका छन्। उनले पार्टी विभाजन गर्नेगरी बैठक चलिरहेकै बेला नेकपा एमाले दर्ता गराउने देखि देशभर जुलुस निकाल्ने



"नेताहरुबीच सहमति जुटेको थाहा पाएको छैन, त्यसैले बैठक हुनेमा ढुक्क हुन सकिदैन।"

■किरण गुरुङ
स्थायी कमिटी सदस्य, नेकपा









काम भएको बताएका थिए। उनीसँगै अर्का बरिष्ठ नेता माधवकुमार नेपालले पनि नेतृत्वमा अहंकार देखिएको र त्यो अहंकार नत्यागे पार्टी भन्दा पनि व्यक्तिको पतन हुने चेतावनी दिएका थिए।

अहिले प्रधानमन्त्री ओलीसँग प्रचण्ड-नेपाल समूहको सम्वाद हुन सकेको छैन। आइतबार छलफलका लागि प्रधानमन्त्री ओलीले प्रचण्डलाई बोलाएका थिए। तर, स्वास्थ्यमा समस्या आएको भन्दै प्रचण्ड बालुवाटार गएनन्। बरु, सोमबार बिहान बालुवाटारमा प्रचण्ड पक्षका नेताहरु झलनाथ खनाल, माधवकुमार नेपाल र नारायणकाजी श्रेष्ठको छुट्टै भेला भएको छ। भेलाले अब स्थायी कमिटी बैठक अनिर्णयको बन्दी हुन नदिने निष्कर्ष निकालेका छन्।

बैठकमा सहभागी एक नेताका अनुसार, अब स्थायी कमिटीबाटै निर्णय गर्दै अगाडि बढ्नेमा नेताहरु सहमत भएका छन्। नेकपामा गएको असार १० गते देखि शुरु भएको स्थायी कमिटी असार १७ गते लगातार स्थगित हुँदै आएको छ। प्रधानमन्त्री एवम् अध्यक्ष ओलीले नै बैठक अस्वीकार गर्दा बैठक हुन सकिरहेको छैन।

# एकै दिन तीन जनाको मृत्यु

## १३९ संक्रमित थपिए, ६२६ डिस्चार्ज

**बारा, पर्सा र धनुषामा सोमबार एकै दिन तीन जनाको संक्रमणबाट मृत्यु भएको छ। सोमबार एकै दिन ६२६ जना डिस्चार्ज भएका छन् भने १३९ जनामा संक्रमण पुष्टि भएको छ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ साउन।

सोमबार एकै दिन तीन जनाको कोभिड-१९ को संक्रमणबाट मृत्यु भएको छ। बारा, धनुषा र पर्सामा एक-एक जनाको मृत्यु भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पर्साको वीरगञ्ज महानगरपालिका-१० का ६५ वर्षीय पुरुषको मृत्यु भएको जनाएको छ।

संक्रमणबाट मृत्यु भएका ती बृद्ध भारतीय नागरिक रहेको मन्त्रालयले जनाएको छ।गएको साउन १० गते उनको मृत्यु भएको छ। मुटु रोगी ती संक्रमितको गण्डक मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको हो। यस्तै बाराका ६० वर्षीय पुरुषको काठमाडौंमा मृत्यु भएको छ। निमोनिया भएका ती संक्रमितको त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो।

उता, धनुषामा ३६ वर्षीय पुरुषको मृत्यु भएको छ। साउन १९ गते जनकपुर प्रादेशिक अस्पतालमा भर्ना भएका ती पुरुषमा साउन ११ गते संक्रमण पुष्टि भएको थियो। ज्वरो आउने, खोकी लाग्ने लक्षण देखिएका ती संक्रमित युवाका धरान लैजादै गर्दा साउन ११ गते बाटोमै मृत्यु भएको थियो। सोमबार थपिएको सहित नेपालमा मृतक संख्या ४८ पुगेको छ।



*लमजुङको बैंसीशहर नगरपालिका- ८ शेराबजारमा सोमबार साँझ मास्क नलगाई हिडेकालाई रोकेर मास्क वितरण गर्दै सुरक्षाकर्मी। तस्विर: जनक श्रेष्ठ, रासस*

मन्त्रालयले बितेको २४ घण्टामा थप १३९ जनामा कोरोना संक्रमण पुष्टि भएको जनाएको छ। यससँगै नेपालमा कोरोना संक्रमितको संख्या १८ हजार ५७२ पुगेको छ। सोमबार दैलेखमा २८ संक्रमित फेला परेका छन्।

सप्तरीमा २१, पर्सामा १८, धनुषा र महोत्तरीमा १०/१०, बैतडीमा चार, ललितपुर, काठमाडौं र कास्कीमा तीन/तीन, पर्सा र सल्यानमा दुई/दुई तथा सिरहा, काभ्रेपलाञ्चोक, बाँके, रुपन्देही र सुर्खेतमा एक/एक जनामा संक्रमण देखा परेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा ६२६ जना कोरोना संक्रमणमुक्त भएर डिस्चार्ज भएको मन्त्रालयका प्रवक्ता प्राडा जागेश्वर गौतमले जानकारी दिए। यससँगै कोरोना संक्रमण जितेर घर फर्कनेको संख्या १३ हजार ७५४ पुगेको छ। जुन कूल संक्रमितको ७३.५ प्रतिशत हो।

हालसम्म प्रदेश नं १ बाट ७८९, प्रदेश नं २ बाट दुई हजार ९७२, बागमती प्रदेशबाट ५१७, गण्डकी प्रदेशबाट बाँकी पृष्ठ २ मा




## संघ र प्रगतिशील मञ्चबीच

# कोभिड क्षतिपूर्तिको उजुरीबारे गम्भीर छलफल

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ साउन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले कोरोना भाइरस (कोभिड-१९) संक्रमणले वैदेशिक रोजगार क्षेत्रमा पार्ने अल्पकालीन तथा दीर्घकालीन समस्याहरुको समाधान गर्न विभिन्न राजनीतिक दल निकट व्यवसायिक संस्थाहरुसँग छलफल प्रारम्भ गरेको छ। गत हप्ता प्रमुख प्रतिपक्ष नेपाली काँग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनसँग छलफल गरेको संघले सोमबार सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको नवगठिन कार्यसमितिसँग छलफल गरेको संघका महासचिव सुजित कुमार श्रेष्ठले जानकारी दिए।

सरकारले कोभिडको विश्वव्यापी संक्रमणाको कारणबाट वैदेशिक रोजगारीमा रहेका र रोजगारीका क्रममा अलपत्र परेका कामदारको उद्धार गरी स्वदेश फिर्ताको लागि जारी गरेको निर्देशिका २०७७ का कतिपय विषयमा संघ तथा वैदेशिक रोजगार व्यवासयीहरुले आपत्ति जनाएका छन्। खासगरी निर्देशिकाको दफा नं ९ मा अलपत्र परेका कामदारलाई स्वदेश फिर्ताका लागि हवाई टिकटका लागि पहल गर्ने र कामदारले रोजगारदाताबाट पाउनुपर्ने पारिश्रमिकलगायतका सुविधा दिलाउने दायित्व ईजाजतपत्र प्राप्त संस्थाको हुने उल्लेख गरिएको छ।

महासचिव श्रेष्ठले कोभिडका कारण कतिपय रोजगारदाताहरु नै संकटमा परेको, रोजगारदाताहरुलाई सम्वन्धित देशका बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### म्यानपावर पनि अतिप्रभावितको वर्गमा


**काठमाडौं/मस-** वैदेशिक रोजगार व्यवसायीहरुले व्यवसाय सञ्चालका लागि लिएको ऋणको गत वर्ष असार मसान्तसम्म भुक्तानी गर्नुपर्ने साँवाको किस्ता र व्याज २०७८ असार मसान्तसम्म तिर्न पाउने भएका छन्। नेपाल राष्ट्र बैंकले जारी गरेको मौद्रिक नीतिपछि उक्त बैंकबाट ईजाजतपत्र लिएका 'क', 'ख' र 'ग' वर्गका वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशनमा उक्त व्यवस्था गरिएको छ।

निर्देशनमा वैदेशिक रोजगार व्यवसायलाई ट्रेकिङ ट्राभल एजेन्सी, पर्वतारोहण, टुर अपरेटर, क्यासिनो, मसाज, स्पा, साहसिक पर्यटन, हवाई तथा पर्यटकीय यातायात, रिक्सिइसन सम्वन्धी व्यवसाय, चलचित्रलगायत अति प्रभावित क्षेत्रमा पारिएको छ।

सो वर्गलाई राहत दिन बैंकले उक्त बैंकबाट ईजाजतपत्र लिएका 'क', 'ख' र 'ग' वर्गका वित्तीय संस्थाहरुलाई राहत प्रदान गर्न निर्देशन दिएको हो। बैंकले सो वर्गमा पर्ने क्षेत्रहरुलाई कोभिड-१९ बाँकी पृष्ठ २ मा

# सांसद बनिन् लिला सिटौला





**काठमाडौं/मस-** नेपालको नक्सा संविधान अंग बनाउने क्रममा पार्टीको ह्वीप अवज्ञा गरेपछि सांसद पदबाट सरिता गिरीलाई निष्कासन गरेको जनता समाजवादी पार्टीले लिला सिटौलालाई सांसद बनाएको छ। सोमबार निर्वाचन आयोगले लिला सिटौलालाई खस-आर्य समूहबाट सांसद निर्वाचित गर्ने निर्णय गरेको हो।

आइतबार सर्वोच्च अदालतले गिरीको रीटको सुनुवाई गर्दै अन्तरिम आदेश दिन अस्वीकार गरेपछि आयोगको सोमबार बैठक बसेको थियो। आयोगको बैठकले लिला सिटौलालाई सांसद बनाउने निर्णय गरेको जनता समाजवादी पार्टीका नेता राजेन्द्र श्रेष्ठले बताए। आफूलाई सांसद पदबाट हटाउने पार्टीको निर्णय विरुद्ध गिरीले रीट दायर गरेकी थिइन्। तर, सर्वोच्चले उनको रीटमा अन्तरिम आदेश दिएन।

आयोगले सोमबार नै संसद सचिवालयमा सिटौलालाई सांसदमा निर्वाचित गरिएको जानकारी दिएको छ। "पार्टीको ह्वीप नमानेपछि सरिता गिरीलाई कार्बाही गरेपछि हामीले केन्द्रीय कार्य समितिको बैठकले लिला सिटौलालाई सांसद बनाउने निर्णय गरेका थियौं", श्रेष्ठले भने।

नवनिर्वाचित सिटौलालाई आज वा भोलि शपथ गराउने संसद सचिवालयले जनाएको छ। गिरीलाई पार्टीको निर्णयअनुसार, संसदले पदमुक्त गराउने निर्णय गरिसकेको छ। लिम्पियाधुरा सहितको नेपालको नक्सा जारी गर्ने सरकारको निर्णयको विपक्षमा सरिता गिरी उभिएकी छन्। नेपालको नयाँ नक्सा संविधानको अनुसूचीमा समेट्ने बाँकी पृष्ठ २ मा

# प्रजातान्त्रिक योद्धा स्व.राईको स्मृतिमा बृहत साास्कृतिक संग्रहालय बन्दै

**सन्तोश पौडेल/मध्यान्ह**
खोटाङ, १२ साउन

खोटाङको रुपाकोट मझुवागढी नगरपालिका-४ खाल्लेमा पूर्वी नेपालकै बृहत साँस्कृतिक संग्रहालय निर्माण गरिने भएको छ।

जहानीय राणा शासन र निरंकुश पञ्चायती व्यवस्थाका विरुद्ध संघर्ष गरेर जीवन बिताएका प्रजातान्त्रिक योद्धा स्वर्गीय सर्वधन राईको स्मृतिमा 'सर्वधन राई स्मृति प्रतिष्ठान' ले संग्रहालय निर्माण गर्न लागेको हो।

नेपालको प्रजातान्त्रिक एवम् लोकतान्त्रिक आन्दोलनको विभिन्न योद्धाहरुको बारेमा अध्ययन-अनुसन्धान गर्ने, पूर्वी नेपालकै बृहत साँस्कृतिक संग्राहालय निर्माण गर्ने लगायतका प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि प्रतिष्ठानकै उपाध्यक्ष राईले आफ्नो अंशको ११ रोपनी ७ आनाभन्दा बढी जग्गा प्रतिष्ठानलाई दान गरेका छन्।



प्रतिष्ठानलाई असार ८ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता गरिएको छ। वि.सं. १९७२ भदौ ५ गते जन्मिएका राईले २००७ सालको प्रजातान्त्रिक आन्दोलनको क्रममा जहानीय राणा शासन अन्त्यका लागि जनमुक्ती सेनाको कमाण्डर भई पूर्वको किल्ला जित्दै चरिकोटसम्म कब्जा गरी राणा शासन अन्त्य गर्न महत्वपूर्ण योगदान पुऱ्याएका थिए।

राईले वि.सं. २०१७ पुस १ गते राजा महेन्द्रले जननिर्वाचित सरकारलाई अपदस्त गरेर निरंकुश पञ्चायती व्यवस्था लादेपछि राजाको सो कदम बिरुद्ध राईकै नेतृत्वमा २०१८ साल कात्तिकमा पहिलो पटक सशस्त्र बिद्रोह गरी दिक्तेल कब्जा गरेका थिए। राईले राजालाई चुनौती दिनको लागि खोटाङको खाल्लेमा ५५ झ्याले घर बनाएका थिए। तत्कालीन शासकले केही झ्याल भत्काउन लगाएको थियो।

यस्तै, खोटाङ बजारमा रहेको सदरमुकामलाई उनकै नेतृत्वमा वि.सं. २०२० सालमा दिक्तेलमा सारिएको थियो। प्रतिष्ठानका कोषाध्यक्ष तथा अनुगमन समितिका संयोजक राम कुमार दंगालका अनुसार प्रजातान्त्रिक योद्धा राईको स्मृतिमा बृहत साँस्कृतिक संग्रहालय निर्माण गर्न आर्थिक वर्ष २०७६/७७ मा प्रदेश सरकारबाट ३० लाख रुपैयाँ बजेट विनियोजन भएर संग्रहालयको काम भइरहेको छ।

दंगालका अनुसार संग्रहालयलाई आर्थिक वर्ष २०७७/७८ मा ४५ लाख रुपैयाँ बजेट विनियोजन भएको छ।

प्रतिष्ठानकी अध्यक्ष एवम् प्रदेशसभा सदस्य उषाकला राईले देश र प्रजातन्त्रका लागि निरन्तर संघर्ष गरेर जीवन समर्पण गरेका राईको योगदानलाई इतिहासमा ताजा राख्ने उद्देश्यले बृहत साँस्कृतिक संग्रहालय बनाउन लागिएको बताइन्।

# सिरहामा तीन साता नबित्दै भत्कियो २८ लाखको लाइनिङ प्यानल

**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, १२ साउन




कमला सिंचाई व्यवस्थापन कार्यालय पोर्ताहा, धनुषा अन्तर्गत सिरहाको बिष्णुपुर गाउँपालिकास्थित कटनियामा लाइनिङ प्यानल मर्मत गरिएको तिन साता नबित्दै भत्किएको छ। उक्त लाइनिङ प्यानल २८ लाखको लागतमा मर्मत गरिएको थियो।

कमिसनको खेलमा कमसल निर्माण हुँदा सिराहाको विष्णुपुर गाउँपालिका- १ रजोखर नजिकै रहेको कटनियामा लाइनिङ प्यानल भत्किएको हो। पानीको बहाबले गर्दा करिब १० मिटर लम्बाइको प्यानल भत्किएको छ।

रजोखरी जलउपभोक्ता संस्था मार्फत असार १३ गतेदेखि निर्माण कार्य सुरु गरेको उपभोक्ता समितिले असार २१ मा अर्थात एक साता मै काम सम्पन्न गरेको कमला सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख विजय कुमार गामीले मध्यान्हलाई जानकारी दिए।


उनले काममा कुनै कमि कमजोरी नभएको तर, कार्यालय मार्फत चौकीदारीमा काम गर्ने ८ जना कामदारहरुको लापरवाहीका कारण लाइन प्यानल मर्मत भएको भत्किएको र उनीहरुलाई कार्यालयमा बोलाएर सबैको एक/एक महिनाको तलब कट्टा गरी मर्मत गरिने बताए।

उक्त प्यानल असारको अन्तातिर कमिसनको लेनदेनको खेलमा मर्मत गरिएकोले तीन साता नपुग्दै भत्किएको स्थानीय सत्य नारायण यादवले बताए। निर्माण व्यवसायीमार्फत रजोखरी जल उपभोक्त समितिका पदाधीकारीहरुले कमला सिँचाई व्यवस्थापन कार्यालय, पोतर्हाका प्रमुख गामीको मेलोमतोमा गुणन्तरहिन सामग्रीको प्रयोग गरी कार्य सम्पन्न गरिएकोले भत्किएको उनले बताए। यस्तो कमसल निर्माणका दोषीलाई कारबाही हुनुपर्छ स्थानीयहरुको माग छ। रजोखरी जल उपभोक्ता संस्थाका पदाधिकारीहरुसँग सम्पर्क गर्न खोज्दा सम्पर्क हुन सकेन।

# कालापानी, लिम्पियाधुरा क्षेत्रमा नेपाली प्रवेशमा रोक

**काठमाडौं/मस-** भारतले कालापानी, लिम्पियाधुरा लगायतका क्षेत्रमा नेपालीहरुको प्रवेशमा रोक लगाएको छ। भारत उत्तराखण्डको धार्चुला प्रशासनले जिल्ला प्रशासन कार्यालयल दार्चुलालाई एक पत्र पठाइ गुञ्जी, कालापानी, लिम्पियाधुर ासहितका क्षेत्रमा प्रवेश रोक्न आग्रह गरेको हो।

पत्रमा अवैध रुपमा नेपालीहरु समूह बनाएर प्रवेश गरेको वा प्रवेश गर्न चाहेको सूचना प्राप्त भएको भन्दै सो कार्य रोक्न आग्रह गरिएको छ। जिल्ला प्रशासन कार्यालयले पनि हालसालै नेपालले आफ्नो नक्सामा समावेश गरेको भुभागमा अवैध प्रवेश रोक्न आग्रह गरिएको व्यहोरोका पत्र धार्चुला प्रशासनबाट प्राप्त भएको पुष्टि गरेको छ।


प्रेषक,
उप जिलाधिकारी,
धारचूला।
सेवा में,
प्रमुख जिल्ला अधिकारी,
गृह मंत्रालय जिल्ला प्रशासन कार्यालय
दार्चुला (नेपाल)।
संख्या 737 /एस0डी0/भारत–नेपाल/2020 दिनांक 14 जुलाई, 2020।
विषय : अवैध रूप से सीमा पार कर भारत राष्ट्र में प्रवेश करने के सम्बन्ध में।
महोदय,
उपर्युक्त विषयक अधोहस्ताक्षरी को विशिष्ट सूत्रों से ज्ञात हुआ है कि विभिन्न नेपाली गुटों/समूहों द्वारा भारतीय क्षेत्र गुंजी, कालापानी, लिम्पियाधुरा में अवैध रूप से चोरी छिपे सीमा पार कर आना चाहते हैं। जिससे मीडिया का ध्यान आकृष्ट किया जा सके और दोनों राष्ट्र के प्रशासन को परेशान किया जा सके।
अतः अनुरोध है कि इस प्रकार की कोई सूचना आपके स्तर पर प्राप्त होती है तो उसकी सूचना तत्काल अधोहस्ताक्षरी को अवगत कराने का कष्ट करें।
भवदीय
(अनिल कुमार शुक्ला)
उप जिलाधिकारी, धारचूला।
उप जिला मजिस्ट्रेट
धारचूला
प्रतिलिपि,
1– जिलाधिकारी महोदय, पिथौरागढ़ को सादर सूचनार्थ प्रेषित।
2– प्रभारी निरीक्षक, एस0आई0पु0 धारचूला को इस आशय से प्रेषित कि ऐसी किसी सूचना को समय से अवगत कराये।
(अनिल कुमार शुक्ला)
उप जिलाधिकारी, धारचूला।
उप जिला मजिस्ट्रेट
धारचूला

धार्चुला प्रशासनले लेखेको पत्रमा मिडियाको ध्यान तान्न र दुबै देशका प्रशासनलाई चिन्तित बनाउन नेपालीहरु समूह बनाएर भारतीय क्षेत्र गुन्जी, कालापानी, लिम्पियाधुरामा अवैध रुपमा आउन चाहेको उल्लेख गरिएको छ।

त्यस्तो किसिमको कुनै सूचना प्राप्त भएका उपलब्ध गराउन समेत धार्चुला प्रशासनले पत्रमा आग्रह गरेको छ। नेपालले हालै लिम्पियाधुरा, लिपुलेक र कालापानीसहितको भूमि समेटेर नयाँ नक्सा जारी गरेपनि सो क्षेत्रको विषयमा भारतले विवाद गर्दै आएको छ।

# कांग्रेसद्वारा प्रदेशसभा अवरुद्ध




**पोखरा/मस-** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले गण्डकी प्रदेशसभाको सोमबारको बैठक अवरुद्ध गरेको छ।

कांग्रेसले प्रदेशसभामा दर्ता गराएको एक घर, एक पिसिआर, पिसिआरको दायरा बढाउनुपर्ने, कोरोना संक्रमणबाट मृत्यु भएकाको शवको व्यवस्थापन गर्नुपर्नेलगायतका विषय समेटिएको संकल्प प्रस्ताव बैठकको कार्यसूचीमा नराखिएको भन्दै प्रदेशसभा बैठक अवरुद्ध गरेको हो।

संकल्प प्रस्तावलाई एउटा दलमात्र नभई सबै दलको साझा प्रस्तावका रुपमा लैजाने पहलस्वरुप कार्यदल गठन गरिए पनि निष्कर्षमा पुग्न सकेको थिएन।

यसअघि आइतबारको बैठकमा पनि शुरुमै प्रमुख प्रतिपक्षी दलका नेता कृष्णचन्द्र नेपालीले संकल्प प्रस्ताव कार्यसूचीमा नआउँदासम्म बैठक चल्न नदिने बताएका थिए।

सोमबार दिउँसो १ बजेका लागि बोलाइएको बैठकमा उक्त प्रस्ताव कार्यसूचीमा नसमेटिएपछि कांग्रेसका प्रदेशसभा सदस्यले उठेर अवरुद्ध गरेका थिए।

सोमबार लागि पछि पुनः ३ बजेका लागि बोलाइएको बैठक पनि अवरुद्ध भएपछि मंगलबार २ बजेसम्मका लागि स्थगन भएको छ।

कोरोना भाइरस संक्रमण बढिरहेका अवस्थामा एक घर एक पीसीआर, पीसीआर परीक्षणको दायरा बढाउनुपर्ने, संक्रमितबाट मृत्यु भएकाको शव व्यवस्थापन जस्ता अत्यावश्यक विषय समेटिएको संकल्प प्रस्ताव प्रदेशसभामा दर्ता भएका अवस्थामा कार्यसूचीमा राख्न आलटाल गरिएको कांग्रेस संसदीय दलका प्रवक्ता प्रकाशचन्द्र दवाडीले बताएका छन्।

# विचारधीन मुद्दामा टीकाटिप्पाणी नगर्न सर्वोच्चको आग्रह




काठमाडौं/मस- सर्वोच्च अदालतले अदालतमा विचाराधीन अवस्थामा रहेको मुद्दाको काम कारवाही र न्याय सम्पादन प्रक्रियामा प्रभाव पार्ने गरी समाचारको प्रवाह वा टीकाटिप्पणी नगर्न आग्रह गरेको छ।

सर्वोच्च अदालतमा प्रवक्ता भद्रकाली पोखरेलले सोमबार एक विज्ञप्ति जारी गर्दै न्यायापालिका आम नागरिकको आस्था, विश्वास र भरोसाबाट जीवन्त हुने संस्था भएको हुँदा काम कारवाहीका बारेमा भ्रम सिर्जना हुने गरी समाचार प्रवाह वा टीकाटिप्पणी नगर्न अनुरोध गरेका हुन्।

विज्ञप्तिमा न्यायायापालिकाको मर्यादा र गरिमामा आँच आउन सक्नेतर्फ पनि ध्यान दिन भनिएको छ।

स्वतन्त्र, निष्पक्ष, सुदृढ र सक्षम न्यायपालिका एवं विधिको शासनको सुनिश्चितता तथा न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धिमा अदालत सदैव गम्भीर, सचेत र संवेदनशील एवं पूर्णरुपमा प्रतिबद्ध रहेको विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिमा भनिएको छ, 'लोकतान्त्रिक विधि र पद्धतिमा राज्यका हरेक पेसा र व्यवसायको न्यूनतम आचारसंहिता हुने र सार्वजनिक निकायको जवाफदेहितासरहको महत्व त्यस प्रकारका पेशागत आचारसंहिता पालनाको समेत रहने गर्दछ। न्यायसम्पादनका क्रममा हुनसक्ने त्रुटि सच्याउने कार्य निर्धारित विधि र प्रक्रियाअनुरुप अदालतबाटै हुने मान्यतालाई संवैधानिक, कानूनी र न्यायिक अभ्यासका माध्यमबाट स्थापित गरिएको विदितै छ।'

# संक्रमितमा लक्षण देखिन थाल्यो

**सप्तरी/रासस-** सप्तरीमा कोभिड-१९ को लक्षण देखिएका संक्रमित भेटिन थालेका छन्। यसअघि लक्षण नभएका संक्रमितहरु हुने गरेकामा अहिले आउने संक्रमितमा कोभिड-१९ को लक्षण देखिन थालेको चिकित्सकहरुले बताएका छन्।

पछिल्लोपटक आउने संक्रमितमध्ये १५ प्रतिशतमा लक्षण देखिने गरेको गजेन्द्रनारायण सिंह अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा.रणजीतकुमार झाले बताए।

कतिपय संक्रमितमा रुखाखोकी, श्वासप्रश्वासमा समस्या देखिने गरेको उनले जानकारी दिए। कोरोनाको अवस्था तथा नियन्त्रणका लागि भइरहेका प्रयासका विषयमा जानकारी लिन सोमबार सप्तरी आएका प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतलाई सप्तरीको अवस्थाका बारेमा जानकारी दिँदै डा झाले भने, 'संक्रमितमा लक्षण देखिन थालेपछि जनशक्ति व्यवस्थापन झन जटिल भएको छ।' पहिला सम्पर्कमा जानु नपर्ने अवस्था रहेकोमा पछिल्लो समय स्वास्थ्यकर्मीले संक्रमितहरुको परीक्षणलगायतका काम गर्नुपरेको उनले बताए। गजेन्द्रनारायण सिंह अस्पताल, राजविराजमा गत जेठ २४ गतेबाट पिसीआर प्रयोगशाला सञ्चालनमा आएपछि तीन हजार ९ सय ६० जनाको स्वाव परीक्षण गरिएको र तीमध्ये २ सय ९१ पुरुष र ३२ महिला गरी ३ सय २३ जनाको रिपोर्ट पोजेटिभ पुष्टि भएको डा.झाको भनाइ छ। प्रयोगशालामा हाल दैनिक १ सय ५० देखि २ सय जनासम्मको पिसीआर परीक्षण भइरहेको उनले जानकारी दिए।

सप्तरीमा देखिएका कूल ४ सय ४७ संक्रमितमध्ये गजेन्द्रनारायण सिंह अस्पतालअन्तर्गत सञ्चालनमा रहेको आइसोलेशनमा ४ सय २१ जनाले सेवा लिएका छन्। उपचार गरेका ३ सय २ जना निको भई घर फर्किएको र १ सय १९ जना उपचाररत रहेको डा.झाले जानकारी दिए।

राजविराजस्थित १ सय ७८ श्ययाको आइसोलेशन केन्द्रमा एकैपटक १ सय ७२ जनासम्म भर्ना गरेर उपचार गर्न आफूहरु सफल भएको उनले बताए।

उनले अहिले रहेको जनशक्तिका भरमा अस्पतालको सेवा र १ सय ७८ श्ययाको आइसोलेशन केन्द्र सञ्चालन गर्न समस्या भएकाले थप जनशक्ति व्यवस्थापन गर्नुपर्ने आवश्यकता औंल्याए।

आठ जना डाक्टर र १२ जना नर्स गरी २० जना स्थायी जनशक्ति रहेको अस्पतालका करार कर्मचारीका भरमा काम गर्नुपरेको बताउनु हुँदै डा.झाले भने, 'महिनौंदेखि पैसा नआएर तलब दिन नसकिएको अवस्थामा करारका कर्मचारीलाई अस्पताल र आइसोलेशनमा जोखिमयुक्त काममा खटाउनु परेको छ।'

अस्पतालकै लागि जनशक्ति अभाव रहेका बेला १ सय ७८ श्ययाको आइसोलेशन पनि ती जनशक्तिले सम्हाल्नु पर्दा अझै समस्या भएको उनले बताए।

चार दिनअघि आकस्मिक कक्षाका एक बिरामीमा समेत कोरोना पुष्टि देखिएपछि चार चिकित्सकसहित १४ जना स्वास्थ्यकर्मीलाई क्वारेन्टिन गर्नु पर्दा सेवा झनै प्रभावित भएको छ। जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनियाँलाल यादवले पनि सधैँभरी भिटीएमको अभाव हुँदा पिसीआर परीक्षण तीव्र गतिमा अघि बढ्न नसकेको बताए।

# साँगामा यात्रुको स्वाब संकलन

**काभ्रेपलाञ्चोक/मस–** काठमाडौं उपत्यका प्रवेशको पूर्वी-नाका काभ्रेपलाञ्चोकको साँगामा यात्रुको स्वाब संकलन शुरु गरिएको छ। पूर्वी तराई क्षेत्रबाट बीपी राजमार्ग लगायत अन्य मार्ग हुँदै काठमाडौं उपत्यका प्रवेश गर्ने सवारी साधनका यात्रुको स्वाब संकलन गर्न थालिएको हो।



कारोना संक्रमण थप फैलन नदिने उद्देश्यसहित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रको चिकित्सा प्रयोगशाला विज्ञसहितको टोलीले बनेपा नगरपालिकास्थित साँगामा यात्रुको स्वाब संकलन गर्न थालिएको कोभिड-१९ रोकथाम तथा नियन्त्रण, कमाण्ड पोष्टका सदस्य-सचिव एवं जिल्ला स्वास्थ्य कार्यालय प्रमुख डा.नरेन्द्र झाले जानकारी दिए।

टोलीले आइतबार अपराह्नबाट तराईका जिल्लाबाट आएका यात्रुको 'स्याम्पिलिङ'का रुपमा स्वाब संकलन गर्न थालेको छ।

टोलीलाई बनेपा नगरपालिका स्वास्थ्य शाखाले सहयोग गरेको छ।

प्रमुख डा. झाका अनुसार नाकामा स्वाब संकलन तथा परीक्षणले उपत्यकामा कारोना संक्मण प्रवेश भए नभएको पत्ता लाग्नेछ।

लकडाउनको अन्त्यपछि कारोनाको संक्रमण दर पत्ता लगाई आएको विवरणले सरकारलाई थप रणनीति बनाउन मद्दत पुग्नेछ। स्वाब संकलनअन्तर्गत यस नाकाबाट उपत्यका भित्रने सबै जिल्लाका यात्रु समेटिनेछ। टोलीले आइतबार साँगाबाट उपत्यका प्रवेश गर्न लागेका ६२ जना यात्रुको 'नोजल स्वाब' संकलन गरिएको नगर स्वास्थ्य प्रमुख सत्यश्वर मकैको भनाइ छ।

पूर्वी तराईको संक्रमण फैलिएका जिल्लाबाट आएका यात्रुको पहिचान गरी स्वाब संकलन कार्य भइरहेको छ।

## एकै ...

एक हजार २०४, प्रदेश नं ५ बाट तीन हजार ९१०, कर्णाली प्रदेशबाट एक हजार ६०८ र सुदूरपश्चिम प्रदेशबाट दुई हजार ७५४ जनाले कोरोना भाइरसलाई परास्त गरेका छन्। प्रदेश नं १ को संखुवासभा, भोजपुर र पाँचथर, बागमती प्रदेशको रसुवा तथा गण्डकी प्रदेशको मनाङ र मुस्ताङमा कोरोनाका सक्रिय संक्रमित नरहेको उनले जानकारी दिए।

प्रदेश नं २ को रौतहट र सुदूरपश्चिम प्रदेशको कैलालीमा अझै पनि ५०० बढी सक्रिय संक्रमित उपचाररत छन्। सक्रिय संक्रमितको संख्या प्रदेश नं १ मा १९५, प्रदेश नं २ मा एक हजार ९११, बागमती प्रदेशमा ४०२, गण्डकी प्रदेशमा २४४, प्रदेश नं ५ मा ३५३, कर्णाली प्रदेशमा ३७५ र सुदूरपश्चिम प्रदेशमा एक हजार ७४० छ। कोभिड-१९ संक्रिमत १६ हजार ३७९ जना मुलुकका विभिन्न स्थानमा बनाइएको क्वारेन्टिनमा छन्।

विश्वभर कोरोना संक्रमितको संख्या एक करोड ६४ लाख ३२ हजार ११० पुगेको छ। कोरोना भाइरसबाट छ लाख ५२ हजार ४३२ जनाले ज्यान गुमाएका छन् भने एक करोड पाँच लाख छ हजार ५५४ कोरोना जितेर डिस्चार्ज भएका छन्।

## कोभिड...

सरकारले कामदारहरुसँग छलफल गरी तलवी वा बेतलवी विदामा राख्ने अनुमति दिएको अवस्थामा कामदारको पारिश्रमिकलगायतका सेवा सुविधा दिलाउने जिम्मेवारी एकपक्षीयरुपमा ईजाजतपत्रवालालाई तोक्ने निर्देशिकाको शर्त अव्यवहारिक रहेको र छलफल त्यसैमा केन्द्रित रहेको बताए।

त्यसैगरी सरकारले स्वदेश ल्याउने कामदारले सोही प्रावधानलाई समाएर वैदेशिक रोजगार विभागमा क्षतिपूर्तिका लागि उजुरी गर्नसक्ने र विभागले म्यानपावर कम्पनीलाई समस्यामा पार्न सक्नेलगायतका सम्भावित विषयमा पनि मञ्च पदाधिकारी तथा सदस्यहरुसँग छलफल भएको महासचिव श्रेष्ठले जानकारी दिए। संघ सबै पक्षसँग छलफल गरी अघि बढ्ने योजनाका साथ छलफल शुरु गरिएको भन्दै महासचिव श्रेष्ठले बताए।

त्यस्तै वैदेशिक रोजगार ऐन र नियमावलीले व्यवसायीले राखेको धरौटीको ब्याजको निश्चित प्रतिशतबाट वैदेशिक रोजगार कोषको व्यवस्था कार्यान्वयन गर्ने व्यवस्था भएको तर हालसम्म त्यसलाई कार्यान्वयनमा ल्याउन भइरहेको आलटाललगायतका विषयमासमेत छलफल भएको महासचिव श्रेष्ठले जानकारी दिए।

संघले सोही कार्यक्रममा मञ्चका पदाधिकारीहरु तथा सदस्यहरुलाई बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गरेको थियो। छलफलमा सहभागी मञ्चका संयोजक राम प्रसाद भान्तनाले विश्वव्यापी महामारीकारुपमा आएको कोभिडका कारण उत्पन्न कामदार फर्किने समस्या समाधान गर्न छुट्टै डेक्स स्थापना गरी उनीहरुलाई राहत तथा क्षतिपूर्ति प्रदान गर्ने विषयमा छलफल भएको जानकारी दिए।

## म्यानपावर...

संक्रमणका कारण पुनर्स्थापित हुन समय लाग्ने पर्यटन क्षेत्रलगायत अतिप्रभावित उद्योग व्यवसायमा प्रवाह भएका सक्रिय कर्जाको २०७७ साल असार मसान्तसम्म भुक्तानी हुनुपर्ने साँवाको किस्ता र व्याज रकमको भुक्तानीका लागि २ वर्षसम्मको समय प्रदान गर्न समेत बाधा नरहेको उल्लेख गरेको छ।

त्यस्तै भुक्तानी अवधि थप गरिएका कर्जाको २०७७ असार मसान्तसम्मको भुक्तानी हुन बाँकी साँवा र ब्याज रकमलाई भुक्तानी अवधि थप भएको समयावधि भित्र समानुपातिक रुपमा कम्तीमा क्रमशः २ किस्ता, ३ किस्ता र ४ किस्तामा असुल गर्ने व्यवस्था मिलाउन समेत निर्देशन दिएको छ। बैंक तथा वित्तीय संस्थाहरुले तोकिएको भुक्तानी तालिका बमोजिम भुक्तानी गर्ने ऋणीहरुबाट कुनै पनि किसिमको पेनाल व्याज, हर्जना र व्याजको व्याज लिन नपाउने स्पष्ट गरेको छ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनलगायतका वैदेशिक रोजगार व्यवसायीहरुले व्यवासायीहरुले राखेको धरौटीलाई धितो मानेर पुनर्कर्जा प्रदान गर्नुपर्ने माग विगतदेखि राख्दै आएका थिए। संघले सरकारसँगै प्रमुख प्रतिपक्ष नेपाली काँग्रेससँग पनि कोभिडका कारण वैदेशिक रोजगार क्षेत्र मुलुकका अन्य क्षेत्रभन्दा पहिले प्रभावित भएको र यसको असर सबैभन्दा पछिसम्म रहने भन्दै व्यवसायीहरुलाई आफ्नो व्यवसाय सञ्चालनका लागि छुट तथा राहतका पक्षमा आवाज उठाइदिन माग गरेको छ।

## सांसद...

संविधान संशोधन गर्ने क्रममा गिरीले संशोधनमा पुरक प्रस्ताव ल्याएकी थिइन्। तर, उनलाई तत्कालीन समाजवादी पार्टीले प्रस्ताव फिर्ता लिन र पार्टीको पक्षमा मतदान गर्न आग्रह गरेको थियो।

तर, पार्टी निर्णय नमानेकी गिरीको प्रस्ताव भने सभामुख अग्निप्रसाद सापकोटाले खारेज गरिदिए। यसपछि जनता समाजवादी पार्टीले उनलाई हटाएर लिला सिटौलालाई सांसद बनाएको हो।

**तुरुन्त म्यानपावर बिक्रीमा**

- २०७९ असार मसान्त सम्म नविकरण भएको।
- ३० भन्दा बढी 5 Star Hotel हरु Active Demand भएको।
- **Saudi I.D.** भएको।
- अहिले सम्म कुनै अजुरी नभएको।
- Future मा पनि Hotel हरुको Demand ल्याएर मिलेर काम गर्न सकिने।
- तुरुन्त विदेश जानुपर्ने भएकोले गर्दा बैंक ग्यारेन्टी र डिपोजिट सहित ८० लाखमा दिन सकिने

**कृपया इच्छुक व्यक्तिले ९८४११८१८७० मा सम्पर्क गर्नुहोला।**

### रक्तसञ्चार सेवाको ५५ औं वर्ष पूरा

# एक वर्षमा दुई लाख ३८ हजार ८ सय ३६ यूनिट रगत संकलन

**काठमाडौं/मस-** आर्थिक वर्ष २०७६/०७७ मा दुई लाख ३८ हजार आठ सय ३६ यूनिट रगत संकलन भई तीन लाख २१ हजार सात सय ७६ यूनिट रगत तथा रक्ततत्व बिरामीलाई उपलब्ध गराइएको छ ।

नेपाल रेडक्रस रक्त सञ्चार सेवा केन्द्र स्थापनाको ५४ औं वर्ष पूरा भएको अवसरमा सोमबार सार्वजनिक गरिएको प्रतिवेदनमार्फत सो जानकारी गराइएको हो । केन्द्रका अनुसार देशभरीमा विभिन्न संघ-संस्थाहरूबाट ३ हजार ४ सय ७८ वटा घुम्ती रक्त संकलन गरिएको छ । केन्द्रीय रक्त सञ्चार सेवाबाट मात्रै ३९ हजार ७ सय ५५ यूनिट रक्त संकलन गरिएको छ ।

५४ वर्ष अघि अर्थात् २०२३ साल साउन १२ गते नेपालमा रक्तसञ्चार सेवा स्थापना भएको थियो । अहिले नेपालको ७३ जिल्लाका ११६ स्थानमा रक्त सञ्चार सेवा केन्द्र तथा एकाइहरू मार्फत रेडक्रसले सेवा सञ्चालन गरिरहेको छ । काठमाडौंको केन्द्रीय रक्तसञ्चार सेवाको लगायत विराटनगर, पोखरा, नेपालगञ्ज र चितवन गरी ४ वटा क्षेत्रीय रक्त सञ्चार सेवा २२ वटा जिल्लास्तरीय इकाई, ४७ जिल्लाका आकस्मिक रक्त सञ्चार सेवा र ३८ वटा अस्पतालका रक्त सञ्चार सेवा एकाइबाट अहिले रक्त सञ्चार सेवा सञ्चालनमा छ ।

कोभिड-१९ को महामारीको अवस्थामा सेवा स्थापना दिवस विभिन्न स्थानमा भीड नगरी फरक तरिकाले कार्यक्रम मनाइएको नेरेसोका सञ्चार निर्देशक दिव्यराज पौडेलले जानकारी दिए ।



केन्द्रीय रक्तसञ्चार सेवा केन्द्रमा रक्तदान, रक्तदाता सम्मान कार्यक्रम तथा वार्षिक प्रतिवेदन सार्वजनिक गरिएको छ । त्यस्तै, बकुलहर, रत्ननगर अस्पताल चितवनमा सोमबार एक कार्यक्रमबीच आकस्मिक रक्तसञ्चार सेवा शुरु गरिएको छ । नेपालगञ्जमा सञ्चार गृहको समन्वयमा रक्तदान कार्यक्रम आयोजना गरिएको छ । त्यस्तै कोहलपुरमा पनि रक्तदान कार्यक्रम आयोजना गरिएको छ ।

स्थापना दिवसको अवसरमा केन्द्रीय रक्तसञ्चार सेवाकी निर्देशक डाक्टर मनिता राजकर्णीकारले भनिन्, 'रक्तदाताहरु र संघसंस्थाको सहयोगप्रति म आभार व्यक्त गर्न चाहान्छु । हाल विश्वभर फैलिएको कोभिड- १९ संक्रमणले रक्तसञ्चार सेवा प्रभावित भएपनि रक्तदाता र रक्तसंचार सेवासँग सम्वद्ध संघसंस्थाको सहयोगमा संक्रमण जोखिम न्यूनीकरणमा ध्यान दिँदै सेवा प्रवाह गरिँदै आएको छ र क्रमशः संक्रमण पहिलेको अवस्थामा हामी गइरहेका छौं ।'

**महिला रक्तदाताको संख्या बढ्यो**

गत आ.व. २०७५/०७६ मा नेपालभर जम्मा २ लाख ७१हजार ९२२ यूनिट रगत संकलन भएकोमा यस वर्ष कोभिडको कारणले केही प्रतिशत रक्तदाता घटे पनि महिला रक्तदाताको संख्या बढेको छ ।

गतवर्ष कूल रक्तदाता महिलाको संख्या १६ दशमलव १ प्रतिशत रहेकोमा यसपटक १७ दशमलव ५ प्रतिशत पुगेको छ । तर, यो संख्या अझै बढ्नुपर्ने देखिन्छ ।

नेपालभरी संकलित रगत समूहको विश्लेषण गर्दा पोजेटिभ समूहको रगत ९६ दशमलव ७० प्रतिशत र नेगेटिभ समूहको रगत ३ दशमलव ३० प्रतिशत रहेको छ । पोजेटिभतर्फ 'ए' समूहको सबैभन्दा बढी अर्थात् २८ दशमलव १२ प्रतिशत देखिन्छ भने सबैभन्दा कम 'एबी' समुहको ११ दशमलव ६७ प्रतिशत रहेको छ ।

त्यस्तै सबैभन्दा दुर्लभ रक्तसमूह 'एबी नेगेटिभ' जुन नेपालमा ० दशमलव ४७ प्रतिशत रहेको छ ।

# एक साताभित्र एसइईको नतिजा सार्वजनिक गरिने

**काठमाडौं/मस-** अबको एक साताभित्र माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा सार्वजनिक गरिने भएको छ ।




राष्ट्रिय परीक्षा बोर्डका अनुसार देशभरबाट सम्पूर्ण विवरण आइसकेको छ भने हार्डकपी एवं सफ्टकपी रुजुको काम भइरहेको छ ।

बोर्डका परीक्षा नियन्त्रक रामराज खकुरेलले शिक्षा पत्रकार समूहले आयोजना गरेको एक कार्यक्रममा २५ वटा समूह बनाएर बिहीबारदेखि हार्डकपी र सफ्टकपी रुजुको काम भइरहेको जानकारी गराए । यसैसाता नतिजा प्रकाशनको तयारी गरेको उनको भनाइ छ । एसईई मूल्यांकनका सन्दर्भमा विद्यालयहरु र इकाईहरुसमेत गम्भीर नदेखिँदा केही जिल्लामा समस्या देखिएको खकुरेलको भनाई छ । यस वर्ष ४ लाख ८२ हजार २ सय १९ विद्यार्थी एसइई परीक्षामा सहभागी हुँदै थिए । कोरोना भाइरस महामारीका कारण परीक्षा शुरु हुनु एकदिनअघि ५ चैतमा परीक्षा स्थगित भएको थियो ।

सरकारले कोरोना भाइरसका कारण परीक्षा लिन सक्ने स्थिति नभएपछि विद्यालयको आन्तरिक मूल्यांकनका आधारमा नतिजा प्रकाशन गर्ने निर्णय गरिसकेको छ । यसका लागि राष्ट्रिय परीक्षा बोर्डले निर्देशिका समेत जारी गरेको छ ।

# विद्यालय तहका 'प्रश्नपत्रको संगालो' बिक्री वितरणमा रोक

**काठमाडौं/मस-** सरकारले विद्यार्थीहरुलाई उपयोगी मानिएको प्रश्नपत्रको संगालो र प्राटिक्सबुकको बिक्री वितरणमा रोक लगाएको छ । सरकारले प्रश्नपत्रहरुको संगालो, प्राटिक्सबुकलगायतका सामग्रीहरु छपाइ, बिक्री वितरण गर्न रोक लगाएको हो ।

पाठ्यक्रम विकास केन्द्रले तयार पारेको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका २०७६ मा यस्तो व्यवस्था गरेको हो । निर्देशिकाको परिच्छेद-९को पाठ्यसामग्री व्यवस्थापन तथा मूल्यांकन सम्बन्धी व्यवस्थाको २५ को ६ मा यस्ता सामग्री विद्यार्थीका लागि प्रयोग गर्ने प्रयोजनका लागि स्वीकृत प्रदान नगरिने उल्लेख छ ।




अब स्वीकृति प्राप्त नभएका यस्ता सामग्रीहरु प्रकाशन गर्न, बिक्रीवितरण गर्न र विद्यार्थीलाई खरिद गर्न लगाउन नपाइने हुने पाठ्यक्रम विकास केन्द्रका निर्देशक गणेशप्रसाद भट्टराइले जानकारी दिए । यो निर्णय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गरेको भन्दै भट्टराइले त्यसको कार्यान्वयन मात्रै केन्द्रले गर्ने स्पष्ट पारे ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०७६ कार्तिक २० यस्तो निर्णय गरेको थियो । सोही निर्णयकाआधारमा केन्द्रले निर्देशिका संशोधन गरेको हो । सरकारले यसअघि नै परीक्षा लक्षित गेसपेपर र गाइडहरुमाथि प्रतिबन्ध लगाएको थियो । तर, गेस र गाइड भन्दा भिन्न प्रकृतिको प्राटिक्सबुक र प्रश्नपत्रहरुको संगालोमाथि रोक लगाएपछि सरोकारवालाहरुले भने यसको विरोध गरेका छन् ।

केही उत्कृष्ट भनिएका सामुदायिक विद्यालयहरुले विद्यालयमा विभिन्न प्राटिक्सबुकहरु लगु गरी विद्यार्थीहरुलाई थप अभ्यास गराउँदै आएका थिए । निजी विद्यालयहरुले पनि विभिन्न प्राटिक्सबुकहरुलाई लागू गर्ने गर्दछन् ।

पाठ्यपुस्तकले पाठ्यक्रमलाई पुरा नसमेट्ने भएकाले विद्यार्थीहरुलाई मिहिनेती बनाउन र ज्ञानको दायरा फराकिलो पार्न सामुदायिक विद्यालयहरुले थप प्राटिक्सबुक लागु गर्ने गरेका छन् । सरकारको प्राटिक्स बुक माथि प्रतिबन्ध लगाउने निर्णयले सिधा सामुदायिक विद्यालयलाई असर गर्ने तिलिंगाटार मावि धापासी काठमाडौंका प्रअ सरोजकुमार पाण्डे बताउँछन् ।

प्राटिक्सबुकहरु विद्यालयका लागि आधारभूत कुराहरु भएकाले यसको संख्या झनै बढाउनुपर्नेमा रोक लगाउनु गलत भएको पाण्डेको बुझाइ छ । विद्यालयले कक्षा ९ र १० मा प्राटिक्सबुकको प्रयोग गर्ने गरेको र परीक्षाका तयारीका लागि प्रश्नपत्रहरुको संगालो(वल्ड इज गोल्ड)बाट अभ्यास गराउँदै आएको उनको भनाइ छ । निजी विद्यालयसँग प्रतिस्पर्धा गर्न र शिक्षाको स्तर बढाउन प्राटिक्सबुकहरुको प्रयोग अनिवार्य जस्तै बनेको प्रअ पाण्डेले बताए । यस्तै, नवीन औधोगिक कदरबहादुर रिता मावि बुटवलका प्रअ प्रेमबहादुर बस्नेत पनि विद्यालयमा वर्णमाला, अतिरिक्त गणित, कम्प्युटरआदिका प्राटिक्सबुकहरु प्रयोग गर्दै आएको बताउँछन् । 'पाठ्यपुस्तकको मात्रै पढाइ र अभ्यासले विद्यार्थीहरुलाई नपुग्ने भएको छ', प्रअ बस्नेतले भने, 'प्राटिक्स बुक सिकाइ सुधारकालागि अनिवार्य पाटो बनेको अवस्था छ ।'

विद्यालयले २ कक्षादेखि १२ सम्मै विभिन्न विषयको प्राटिक्सबुक अध्ययन र अभ्यास गराउँदै आएको भन्दै यो नभए त्यसको सिधा असर सिकाइमा पर्ने प्रअ बस्नेत बताउँछन् । प्राटिक्स बुक र प्रश्नपत्रहरुको संगालवोदाई गेस र गाइडसँग तुलना गर्न नहुने भन्दै उनले विद्यार्थी र शिक्षकलाई सिकाइ केन्द्रित र मेहनेती बनाउन यसको उपलब्धता अझै बढाउनुपर्ने तर्क गरे ।

यता शिक्षाविद् प्रा.डा. विद्यानाथ कोइरालाले पनि प्राटिक्स बुकमा रोक लगाउने सरकारको निर्णयलाई अदूरदर्शी भएको बताए । गरिब विद्यार्थीले किन्न नसक्ने कुरालाई ध्यानमा राखेर गरिएको निर्णय भए पुस्तकालयमा राखेर सबै विद्यार्थीलाई अभ्यासको अवसर दिने विकल्प अपनाउन सकिने उनको भनाइ छ ।

सरकारले यो उमेरका विद्यार्थीलाई पाठ्यपुस्तकबाहेकको ज्ञान बोझ हुन्छ भन्ने आशयले यो निर्णय गरेका भएपनि यो आशय पनि गलत हुने कोइरालाको भनाइ छ । फरक फरक तरिका र विधिअनुसार फरक स्रोतबाट ज्ञानलिने प्रचलन विश्वभरी रहेको भन्दै कोइरालाले पश्चिमा देशहरुमा एउटै विषय फरक फरक विद्यालयका शिक्षकहरुबाट लिनेदिने अभ्यास रहेको बताए ।

बन्द गर्ने होइन प्राटिक्सबुक अझै धेरै बनाउन दिनुपर्छ, यसका लागि शिक्षकहरुलाई प्रोत्साहित गर्नुपर्छ भन्दै कोइरालाले सिक्ने ज्ञान लिने विषयमा अंकुश लगाउँदा त्यसले उल्टै नोक्सान गर्ने तर्क गरे ।

कमजोर विद्यार्थीलाई कमजोर नै राख्ने काम सरकारबाट हुनु नहुने भन्दै सिकाइका लागि विद्यार्थीहरुलाई सबैखाले विकल्पहरु खुला राखिदिनुपर्ने उनको भनाइ छ ।

शिद्धबाबा मावि तम्घास गुल्मीका प्रअ डोरविक्रम श्रीस पनि प्राटिक्स बुकमा रोक लगाउने सरकारको निर्णय सामुदायिक विद्यालयको सिकाइ कमजोर पार्नेगरी आएको बताउँछन् । 'यो सामुदायिक विद्यालय विरुद्धको कदम हो',प्रअ श्रीसले भने, विद्यालयले आफ्नै प्रयासमा विभिन्न प्राटिक्सबुक लागु गरेर सिकाइ सुधारको प्रयास गरिरहेका छन्, अब बन्द हुन्छ ।'

विद्यालयले ९ र १० का विद्यार्थीहरुलाई विभिन्न प्राटिक्स बुकबाट अभ्यास गराउने गरेको भन्दै प्रअ श्रीसले भने,'रिडमोरलगायत प्रकाशकका प्राटिक्स बुक पढाएका विद्यार्थीको सिकाइ धेरै आएको अनुभव हामीसँग छ ।' विद्यालयले विद्यार्थीहरुलाई समूहमा विभाजन गरेर कसैलाई रिडमोर, कसैलाई भुडीपुराणलगायतका प्राटिक्स बुक किन्न लगाएर पुनः आपसमा साटफेर गर्दै सिक्न प्रोत्साहित गर्ने गरेको प्रअ श्रीसले बताए । श्रीसले भने, 'सरकारको यो निर्णय सामुदायिक विद्यालयलाई निजीको जिम्मा लगाउने निर्णय जस्तै घातक छ ।'

# वीर अस्पतालको सेवा, गुणस्तरलाई विस्तार गर्न मन्त्री ढकालको निर्देशन




**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकालले वीर अस्पतालको सेवा, गुणस्तरलाई अझ विस्तार गरी अहिलेको स्वास्थ्य सेवाको नेतृत्व गर्न निर्देशन दिएका छन् ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालको १ सय ३१ औं वार्षिकोत्सवको उद्घाटन समारोहमा मन्त्री ढकालले उक्त निर्देशन दिएका हुन् ।

सरकारले स्वास्थ्य सेवा सुधारका काम गर्न थालेको र कोभिड-१९ का कारणले केही ढिलाइ भएको पनि मन्त्री ढकालले बताए ।

अस्पतालले बिरामीलाई गुणस्तरीय स्वास्थ्य सेवा नियमित रुपमा प्रदान गर्नाका साथै कोभिड-१९ सँग सम्बन्धित परीक्षणको सेवासमेत प्रदान गरेको उल्लेख गर्दै नेपाल र नेपाली जनताको गौरव एवम् पहिचानका रुपमा स्थापित अस्पतालले थप सेवा विस्तार र प्रभावकारी तुल्याउँदै नमूना अस्पतालका रुपमा आफूलाई स्थापित गराउनुपनेएमा जोड दिए । उनले कोभिड-१९ को रोकथाम र नियन्त्रणमा मन्त्रालयले खेलेको भूमिकाले नियन्त्रणमा सहज भएको भन्दै सीमित साधन स्रोतका बाबजुद विकसित मुलुक जस्तै यहाँ पनि समाजमा रहेका संक्रमित व्यक्तिलाई खोजेर उपचार गरिएको बताए ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री नवराज रावतले अस्पताललाई सबै नागरिकलाई सर्वसुलभ सेवा उपलब्ध गराउन व्यवस्थित बनाउनुपर्ने बताए ।

अस्पतालको स्वास्थ्य सेवा गुणस्तरीय बनाउनुपर्नेमा उनले जोड दिए । मन्त्रालयका सचिव लक्ष्मण अर्यालले अस्पतालले स्वास्थ्य सेवालाई व्यवसायबाट सेवामूलक बनाइने भन्दै स्वास्थ्य सेवालाई पहुँचसँग मात्र नजोडेर गुणस्तरसँग पनि जोड्नुपर्ने बताए । सरकारसँग पर्याप्त मात्रामा साधन स्रोत भए पनि काम गर्ने विधि र शैलीको अभाव रहेको पनि उनले बताए । कार्यक्रममा प्रतिष्ठानका उपकुलपति प्राडा देवनारायण शाहले अस्पताल जनताको सेवामूलक संस्थाका रुपमा विकास गरिएको बताए । प्रतिष्ठानका शिक्षाध्यक्ष प्राडा सुबोध अधिकारीले आगामी दिनमा आफ्नै शैक्षिक कार्यक्रमलाई अझ विस्तार गरिने जानकारी दिए । प्रतिष्ठानका डिन प्राडा पियुष दाहालले प्रतिष्ठानलाई चिकित्सा विज्ञान राष्ट्रिय विश्वविद्यालय बनाइनुपर्ने बताए ।

कार्यक्रममा अस्पतालका निर्देशक डा.केदारप्रसाद सेन्चुरीले अस्पतालले गुणस्तरीय तथा भरपर्दो सेवा न्यून शुल्कमा प्रदान गरिरहेको बताए । १९४७ साल साउन १२ गते तत्कालीन प्रधानमन्त्री वीर शमशेरले अस्पताल निर्माण गरेका थिए । १५ श्ययाबाट शुरु भएको अस्तपालमा अहिले ४६० श्यया र २०० श्ययाको राष्ट्रिय ट्रमा सेन्टर रहेको छ ।

अस्पतालको सेवा विस्तार गर्नका लागि थप ५०० श्ययाको सर्जिकल भवन निर्माण गर्न थालिएको छ । अस्पतालले अहिले नर्सिङ तथा चिकित्सा क्षेत्रतर्फ प्रवीणता प्रमाणपत्र तहदेखि स्नातक, स्नातकोत्तर तह सम्मको अध्ययन-अध्यापन गराउँदै आइरहेको छ । अस्पतालले अहिले बहिरङ सेवा, आकस्मिक सेवालगायतका सेवा दिँदै आएको छ ।

# १ लाख मूल्य बराबरको अवैध सामान बरामद



**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, १२ साउन

नवलपरासीको सीमावर्ती क्षेत्रको विभिन्न ठाउँहरुबाट करिव १ लाख मूल्य बराबरको अवैध मालसामान प्रहरीले नियन्त्रणमा लिएको छ । सोमबार पाल्हिनन्दन गाउँपालिका वडा नं. भक्सीपुरमा नेपालबाट भारततर्फ अवैधरुपमा लैजादै करिब ७० हजार मुल्य बराबरको मटर ( केराउ) र सोही समयमा भारतबाट नेपालतर्फ ल्याउदै गरेको करिब १२ हजार मुल्य बराबरको १२ पिस लेडिज कुर्ता सुरवाल सिमा प्रहरी चौकी महेशपुरले नियन्त्रणमा लिएको हो ।

त्यसैगरी प्रतापपुर गाउँपालिका वडा नं. ५ भैरवपुरमा नेपालबाट भारततर्फ लैजादै गरेको करिब १० हजार मुल्य बराबरको ४ बोरा मटर (केराउ) प्रहरी चौकी बसहियाले नियन्त्रणमा लिएको हो । उक्त मटर (केराउ) मानिसहरुले टाउकोमा बोकी लैजादै गर्दा प्रहरी टोलीलाई देखेपछि उनीहरु बोरा फाली भगेका थिए । यसरी कुल मिलाएर सोमबार प्रहरीले यस क्षेत्रबाट ९२ हजार मूल्य बराबरको अवैध सामान बरामद गरेको छ ।

नियन्त्रणमा लिइएको सबै सामान आवश्यक कारवाहीको लागि महेशपुर भन्सार कार्यालय पठाइएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका सुचना अधिकारी राजु लामाले जानकारी दिए ।

# १ सय ५८ जना प्रहरीमा कोरोना संक्रमण

**काठमाडौं/मस-** नेपालमा १ सय ५८ जना प्रहरीमा कोरोना संक्रमण पुष्टि भएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार विभिन्न प्रयोगशालामा गरिएको परीक्षणमा सोमबारसम्म १ सय ५८ जनामा कोरोना संक्रमण पुष्टि भएको हो । पछिल्लो एक सातायता प्रहरीमा संक्रमितको संख्यामा उच्च वृद्धि हुँदै गएको छ ।

प्रहरी प्रधान कार्यालयका अनुसार कुल संक्रमितमध्ये ४ महिला र १ सय ५४ पुरुष रहेका छन् ।

काठमाडौं उपत्यकामा १४, प्रदेश १ मा २७, प्रदेश २ मा ३४, गण्डकी प्रदेशमा २९, प्रदेश ५ मा १५, कर्णाली प्रदेशमा २७ र सुदूरपश्चिम प्रदेशमा १२ जनामा कोरोना संक्रमण पुष्टि भएको कार्यालयले जनाएको छ ।

**प्रहरी प्रमुखसहित १८ जना प्रहरीमा कोरोना**

स्याङजामा प्रहरी प्रमुखसहित १८ जना प्रहरीमा कोरोना संक्रमण पुष्टि भएको छ । स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका अनुसार पुतलीबजार नगरपालिकाका १ महिलासहित १८ जनामा कोरोना संक्रमण पुष्टि भएको हो ।

निर्देशनालयका स्वास्थ्य निर्देशक बिनोदबिन्दु शर्माका अनुसार संक्रमण देखिनेमा ३९, २७, ३७, २८, ४१, ३३, ३८, ३४, ४६, ३१, ३५, २७, ४१, २७, ३४, ४४, ३६ वर्षीय पुरुष र २६ वर्षीया महिला रहेका छन् ।

## सम्पादकीय

# न्यायालयमाथि उठेको प्रश्न

संविधानको सर्वोच्चता र विधिको शासन भएको मुलुकमा न्यायालय महत्वपूर्ण अंग हुन् । कार्यकारिणी र व्यावस्थापिकाले गर्ने गल्ती कमजोरी सच्याउँदै राज्यमा न्याय स्थापना गर्ने र संविधानको रक्षा गर्ने दायित्व न्यायालयको हो । तर, पत्नी हत्याको दोषी ठहरिएका सशस्त्र प्रहरीका पूर्व डीआईजी रञ्जन कोइरालाको कैद सजाय दुई तिहाइ घटाउने फैसलाले न्यायालयमाथि गम्भीर प्रश्न उठेको छ ।

जिल्ला अदालत काठमाडौं र पुनरावेदन अदालतले सर्वश्व सहित जन्मकैदको फैसला सुनुवाइएका कोइरालालाई सर्वोच्चका प्रधानन्यायाधीश आफैं सामेल इजलासलले सजाय घटाइदियो । सजाय घटाउने फैसला असार १५ गते भयो । लकडाउनका कारण अदालतले नियमित कार्यसूचीमा फर्कन सकिरहेको थिएन । पुरा मुलुकको ध्यान कोभिड महामारी रोकथाम र नियन्त्रण तर्फ केन्द्रीत भएका बेला सर्वोच्चले गरेको फैसला धेरैलाई थाहा नै हुन सकेन ।

कोइरालाको कैद सजाय घटाएर जेलमुक्त भएपछि मात्रै धेरैले यसबारे जानकारी पाएका थिए । अर्थात्, पूर्व डीआईजी कोइराला आठ वर्ष ६ महिना सजाय भुक्तान गरी साउन ८ गते जेलमुक्त भएका छन् । तर, त्यसै दिन महान्याधिवक्ताको कार्यालयले फैसला पुनरावलोकनका लागि रीट दायर गरेको थियो । आइतबार उक्त रीटमाथि सुनुवाइ गर्दै सर्वोच्चले फैसला पुनरावलोकन गर्ने निर्णय लिएको छ । पुनरावलोकन गर्ने निर्णयले सर्वोच्च प्रति उठेको आक्रोशलाई केही मत्थर बनाएको छ । पुनरावलोकन हुनु अगाडि जनताको तहमै सर्वोच्च अदालतको फैसलाको कडा असन्तुष्टि जनाइएका थिए । कतिसम्म भने यस्तो फैसला गर्ने प्रधानन्यायाधीशको राजीनामा वा महाअभियोगको माग सहित सडक प्रदर्शन समेत भएको थियो ।


जनतहमा न्यायालयप्रति प्रश्न उठेपछि सोमबार सर्वोच्च अदालतले न्याय सम्पादनका क्रममा भएका कमजोरी सर्वोच्चले नै सच्याउने बक्तव्य जारी गरेको छ । सर्वोच्चले न्याय सम्पादनका क्रममा भएका कमजोरी सच्याउने प्रतिबद्धता सहित बक्तव्य आउनुले केही सकारात्मक सन्देश भने दिएको छ । यसले दिने सन्देश भनेको न्याय सम्पादनका क्रममा संवेदनशीलतालाई गाम्भिर्यताका साथ हेरिनुपर्छ । हामीले माथि नै भनिसकेका छौं– सामाजिक न्याय प्रत्याभूत गराउने र संविधानको संरक्षण गराउने कार्य न्यायालयको प्राथमिकता कार्य हुन् । त्यसका लागि आम स्वीकार्यता जरूरी हुन्छ । यदि, जनविश्वास गुम्न पुग्यो भने ऐनका अक्षरले मात्रै न्याय दिलाउन असंभव हुन्छ ।

## सामाजिक सञ्जाल



जसलाई मनदेखि प्रेम गरिन्छ उसलाई तेजाब हान्ने त के, कुभलो सोच्न पनि सकिन्न । प्रेम एकोहोरो हुन पनि सक्छ, तर अस्वीकृत र टुटेको प्रेम सधै स्मृतिमा रहन्छ । अपराधीले गर्ने तेजाब हमलामा प्रेम जस्तो पवित्र शब्दको दुरूपयोग कम्तिमा प्रहरी र मिडियाकर्मीबाट हुनै हुन्न ।

**- मात्रिका पौडेल**



१ अर्ब भन्दा माथि भ्रष्टाचार गर्ने १० जना जेल चलेका भए, ५ अर्ब माथिका दशवटा केशमा अनुसन्धान जारी भएको भए । रन्जन कोइरालाको पक्षमा फैसला हुने थिएन । २२ अर्ब, १५ अर्ब ४० अर्ब एनसेल र भ्याट प्रकरण त थाहै छ हामीलाई । कमरेडहरू समाजवाद को दुन्दुभी बजाँउदै हुनुहुन्छ ?

**– उषकिरण तिम्सिना**



मुद्दा पुनरावलोकनमा गएपछि सर्वोच्च श्रीमानको नैतिकता संकटमा परेन र ? कि पुनरावेदन पेशी मै नचढाउने गरी श्रीमान वहाल रहिरहन मिल्ने ?

**– डा सुरेश आचार्य**



वीपीको विरासत बोकेको एउटा लोकतान्त्रिक पार्टीकालागि यो सुहाउँदो भएन । देशको चिन्ताको त कुरै छाडौं कांग्रेस नेतृत्वले आफ्नै पार्टीको समेत चिन्ता गर्न सकेन ।

**– भिमार्जुन आचार्य**


## लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com


# महिला कहिलेसम्म मौन बस्ने ?



■ वीणा झा

दुई वर्षसम्म गहन छलफल भएर राज्य व्यवस्था समितिले पास गरेको नागरिकता विधेयकमा लैंगिक आधारमा यति धेरै विभेद हुँदाहुँदै पनि त्यहाँ प्रत्यक्ष सहभागी रहेका महिला सांसदहरूको मौनता किन ? यदि मौनता होइन भने स्वीकार्यताको आधार के ?

केही साताअगाडि नेपालबाट सतीप्रथाको अन्त्य भएको शतकलाई सम्झिदै महिलाको स्वतन्त्रता र मौलिक अधिकारसम्बन्धी विषयलाई नजिकबाट नियाल्दै विभिन्न दृष्टिकोणले तुलनात्मक विश्लेषण गरिएको सामाजिक सञ्जाल र मिडियामा देखियो । मानवीय सभ्यताको कलंकको रुपमा रहेको सतीप्रथा, जसको बारेमा सुन्दा नै आङ सिरिङ्ग हुन्छ । इतिहासमा महिलाको अवस्था झल्किने कतिपय त्यस्ता सन्दर्भहरु भेटिन्छन्, जहाँ बोल्ने महिलालाई अनेक आरोप लगाइँदै सजाय दिने, जसले गर्दा अन्य महिला बोल्ने आँट नगरुन् र कतिपय ठाउँमा त महिलालाई अदृश्य नै बनाइएको पनि देखिन्छ ।

जस्तो कि नालापानी किल्लाको कथामा कतै पनि महिलाको साथ र समर्थनबारे स्पस्ट उल्लेख गरिएको भेटिन्न । जबकि पिउने पानीको मुहान थुनिएको कारण उक्त किल्लाभित्र महिला तथा बालबालिकाको लास भेटिएको सन्दर्भ छ, जसको अर्थ उक्त लडाइँको पीडा र संघर्षमा महिला पनि सहभागी थिए भनी प्रस्ट हुन्छ । समय फरक तर सन्दर्भ उही झल्काउने माओवादी जनयुद्धलाई पनि लिन सकिन्छ, जसको हरेक संघर्षमा महिलाको महत्वपूर्ण भूमिका भेटिन्छ तर उपलब्धि पाउनेमा सिर्फ पुरुष बाहुल्यता देखिन्छ । चाहे तिनको महत्वपूर्ण संरचना होस् वा छलफलका मञ्चहरु, महिला सहभागिता महत्वहीन बनाइएको भेटिन्छ ।

दशक बितिसक्दा समाजमा अनेक परिवर्तनहरु आए र पनि महिलामाथिको नियन्त्रण कायम राख्न पितृसत्ता कतिसम्म लागिपरेको छ भन्ने बुझ्न अहिलेको मुख्य चासोमा रहेको नागरिकता विधेयकको कुरालाई हेरौं । कुनै पनि मुलुकलाई आवश्यक पर्ने कानुन निर्माण गर्नु सामान्य कुरा हो र यसको लागि कानुन मन्त्रालयको ढोका पार गर्नै पर्छ तर अहिले कानुनमन्त्री त स्वयं महिला नै हुन् र पनि किन विभेदकारी विधेयक संसद्सम्म छलफलको लागि पुग्यो ? त्यस्तै संसद्मा अल्पसंख्यक भए पनि महिलाहरु त छन्, र पनि किन अडान लिन सकेनन् ? पदीय लोभ, पार्टीभित्रको तानाशाही ? वा अन्य कुनै कारण ? विभिन्न मिडियामा अनेक तहमा छलफल र बहसहरु चलाइएको देखियो तर अहिलेको प्रस्तावित नागरिकतासम्बन्धी विषयमा महिलाका दृष्टिकोण, तिनका सोचलाई महिलाकै आवाजमा सुन्न पाइएन । के यसले महिला मौनतालाई निरन्तरता गर्न नसघाउला ? युगौंदेखि पुरुष चिन्तन, सोच, विश्लेषण मात्रै समाजमा पस्किरहने हो भने महिलाको मौनता कसरी टुट्ला ? महिलाका सोच, दृष्टिकोण र विश्लेषण कसरी समाजमा बुझाउन सकिएला ? आधी जनसंख्याको आवाजले मात्रै सही अर्थमा समाजको रुपान्तरण सम्भव छ ?

समाजमा यति धेरै महिला हिंसा बढ्दै छ र पनि वर्षौंदेखि राष्ट्रिय महिला आयोग अध्यक्षविहीन राख्नुको अर्थ के ? यी सबै केलाएर हेर्ने हो भने यसमा महिला मौनताको भूमिका पनि भेटिन्छ । विशेष गरी नीति निर्माण तहमा पुग्न सफल र शक्तिको पहुँचमा पुगेका महिलाहरु विषयवस्तुलाई स्वयं विश्लेषण नगरी आफ्ना भनिएकाहरुको निर्देशन पालनामै आफूलाई सुरक्षित ठान्ने मानसिकताका कारण हिजो जुन महिला अधिकारका मुद्दाहरु लिएर त्यहाँ पुगेका थिए त्यसमा विचलन आएको स्पस्ट बुझिन्छ । त्यसको पछाडि डरको मानसिकताले काम गरेको देखिन्छ । गुलामी नगर्दा बल्ल-बल्ल पाएको पहिचान, भूमिका र लाभबाट वञ्चित हुने डर देखाई पितृसत्ताले पालैपालो तिनका हुर्मत लिने कार्यको एउटा उदाहरण प्रधानन्यायाधीश सुशीला कार्कीमाथि लगाइएको महाअभियोगलाई लिन सकिन्छ ।

दुई वर्षसम्म गहन छलफल भएर राज्य व्यवस्था समितिले पास गरेको नागरिकता विधेयकमा लैंगिक आधारमा यति धेरै विभेद हुँदाहुँदै पनि त्यहाँ प्रत्यक्ष सहभागी रहेका महिला सांसदहरुको मौनता किन ? यदि मौनता होइन भने स्वीकार्यताको आधार के ?

हुन त संविधानका प्रत्येक धारा उपधाराहरुको अन्तिम व्याख्यता नेपालको सर्वोच्च अदालत हो तर संविधानको मर्मअनुरुप त्यहाँ रहेका प्रावधानको भाव बुझी त्यसको आधारमा कानुन निर्माण गर्नु जनप्रतिनिधिहरुको नैतिक जिम्मेवारी पनि हो । तर पितृसत्तात्मक सोचको संकीर्णताले निर्मित मानसिकताको आधारमा त्यहाँ भएका प्रावधानलाई अलग्गै छुट्याई अपुरो व्याख्या गराइले नेपाल समतामूलक समाज होइन, असमानतामा आधारित समाजको निर्माणतर्फ उन्मुख रहेको भान हुन्छ ।

अहिले प्रायः चर्चामा रहेको वैवाहिक अंगीकृत नागरिकताको विषयलाई नियाल्दा संविधानको भाग २ (नागरिकता) को धारा ११ को उपधारा ६ मा रहेको 'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानुनबमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछन्' भन्ने प्रावधानलाई देखाउँदै छोरीको वैवाहिक सम्बन्धको बारे संविधानले केही नबोलेको भन्दै वकालत गरिन्छ । तर संविधानमा त विवाहपश्चात् विदेशी महिलाको नागरिकता पाउन कुनै समय सीमा तोकेको छैन, बरु संघीय कानुनबमोजिम भनेर बोलेको छ र उक्त आधारलाई टेक्दै ७ वर्षको प्रावधान आगाडि सार्न सक्नेले संविधानको धारा ११ को उपधारा ८ हेर्ने हो भने त्यहाँ स्पस्टरुपमा नेपाल सरकारले संघीय कानुनबमोजिम नेपालको अंगीकृत नागरिकता प्रदान गर्न सक्नेछ भनी उल्लेख छ । यसको आधारमा संघीय सरकारले लैंगिक विभेदरहित विधेयक बनाउन सक्दैन ? यस्तो अवस्थामा पनि महिला जनप्रतिनिधिको मौनता किन ? केका लागि राजनीति गरेको भनेर आउँदो पुस्तालाई के भन्ने ?

संविधानमा हरेक कुरा शब्द-शब्दमा उल्लेख गरिनु सम्भव हुँदैन । त्यसैले संविधानको मूल मर्मलाई केन्द्रमा राखी विभिन्न कानुनको निर्माण गरिन्छ । संविधानको प्रस्तावनामै पनि लिंगको आधारमा विभेद गर्न नपाइने भनी स्पस्ट उल्लेख छ । के यसले सबै नागरिकको समानतालाई प्राथमिकतामा राखिएको बुझाउँदैन ? महिला र लैंगिक अल्पसंख्यक तेस्रो लिंगी नेपालका नागरिक होइनन् ?

त्यस्तै धारा ११ को उपधारा ७ मा स्पस्ट उल्लेख गरिएको छ कि 'यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले संघीय कानुनबमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछ' । के यसले नेपाली महिलाको वैदेशिक विवाहको बारेमा बोलेको होइन त ?

महिलाको सामाजिक, आर्थिक, राजनीतिक अवस्थालाई विचार पुऱ्याएर नैसंविधानको धारा ३८ महिलाको हक भनेर छुट्टै राखिएको छ, जसमा प्रत्येक महिलालाई लैंगिक भेद्भावविना समान वंशीय हक हुनेछ भनी स्पस्ट उल्लेख छ । त्यसैले नागरिकताको हकअन्तर्गतको धारा ११ को उपधारा ६ लाई देखाउँदै त्यसमा नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलाको लागि जे प्रावधान छ ठीक त्यही प्रावधान नेपाली महिलाको विदेशी पुरुषसँगको विवाहको लागि भनेर बुझ्नुपर्छ । किनकि संविधानले लिंगको आधारमा कसैलाई पनि विभेद गर्न पाइँदैन भनेर पटक-पटक स्पस्ट बोलेको छ । त्यसैले नागरिकतासम्बन्धी प्रावधानलाई संविधानको मूल मर्मसँग अलग्याई नेपाली महिलाहरुको हकलाई संकुचित गरिनु दूषित मानसिकताको उपजबाहेक केही होइन । यसलाई मौनताका साथ समर्थन गरिनु भनेको विभेदलाई स्थापित गर्नु नै हो ।

कतिपय प्रत्यक्ष सहभागीहरुले बडो गर्वका साथ प्रस्तुत गर्छन् कि संविधानको प्रावधान विपरीत जान सकिएन, त्यसैले अहिलेलाई यति नै समानता पछि बिस्तारै गर्दै जाऔं । त्यसो भए अहिलेको नागरिकता विधेयकभित्र लिंगको आधारमा गरिएको जुन विभेद छ त्यसको पुष्टि संविधानको कुन प्रावधानमा आधारित छ त ? लैंगिक पहिचानका लागि चिकित्सकीय सिफारिस भनी अहिलेको नागरिकता विधेयकमा राखिनुको आधार के ?

नागरिकता हकसम्बन्धी धारा १२ मा वंशीय आधार तथा लैंगिक पहिचानसहितको नागरिकताको हकमा यो संविधानबमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैंगिक पहिचानसहितको नेपालको नागरिकता प्रमाणपत्र पाउन सक्नेछ भनी स्पस्टरुपमा लेखिएको छ । कतै पनि चिकित्सकीय सिफारिसको कुरा उल्लेख छैन । यसको तात्पर्य यी विधेयक निर्माणकर्ताहरु संविधानको कुन धारा र उपधारामा टेक्दै लैंगिक अल्पसंख्यकलाई होच्याउन र अपमानित गर्न उद्यत् छन् ?

जनप्रतिनिधित्वको भूमिकामा रहेका महिला प्रतिनिधिहरुको मौनता कहिलेसम्म ? गलतलाई गलत भन्ने आँट नगर्ने हो भने त्यसले सही दिशामा मुलुकलाई डोऱ्याउन सक्दैन । ती सम्पूर्ण माध्यमहरु जहाँबाट समाजमा विचार पुऱ्याउन सकिन्छ, ती सबैको महत्वपूर्ण भूमिका छ महिलाको मौनता तोड्नमा । यदि होइन भने विभेदको निरन्तरता चलिरहन्छ । युगौंदेखि पुरुष बोल्ने र महिला सुन्ने भूमिका रहिरहन्छ । यसले अन्ततः मुलुकलाई द्वन्द्वको निरन्तरतामा धकेल्छ ।

# स्रोतको सूचनाको भरमा पत्रकारिताको बदनामी



सुदर्शन रिजाल

समाचार १. १९ जुलाई २०२० मा बीबीसी न्युज नेपाली अनलाइनमा 'नेकपा विवाद : प्रचण्डद्वारा कमजोरी स्वीकार, दुविधा बोकेर कसरी पुगे राष्ट्रपति कार्यालय' शीर्षकमा प्रकाशित बाइलाइन नभएको ६ सय ९२ शब्दको समाचारमा दुईवटा स्रोतको नाम र पद खुलाइएका छन् भने नौवटा स्रोत नेताहरूले जनाएका छन् भन्ने उल्लेख छ । जसमा प्रचण्ड निकट एक नेता, स्थायी समितिका अर्का सदस्य, समाचारहरू जनाइएको, प्रचण्ड सचिवालय, नाम खुलाउन नचाहने प्रधानमन्त्री निकट एक नेता, आइतबारको छलफलमा सहभागी एक नेताको भनाइ, राष्ट्रपति कार्यालयको सचिवालय र माधव नेपाल निकट एक स्थायी समिति सदस्यका अनुसार भनी बनाइएका छन् । बीचबीचमा स्रोतबिनाका समाचारदाताले आफैं थपेको विचार र निष्कर्षलाई पनि स्थान दिइएको छ ।

समाचार २. ५ साउन २०७७ मा नागरिक न्युज अनलाइनमा प्रकाशित 'नेकपामा फेरि जबज चर्चा' शीर्षकमा प्रकाशित बाइलाइन नभएको ८ सय ९३ शब्दको समाचारमा एउटा पनि स्रोत उल्लेख छैन भने चारवटा स्रोत स्रोतका अनुसार, नेपाल समूहका एक नेताका अनुसार, नेपाल निकट एक स्थायी कमिटी सदस्यका अनुसार, आइतबार दाहाललाई भेट्न पुगेका नेपाल पक्षधर एक नेताका अनुसार भन्दै बनाइएका छन् । सुरुमा, बीचबीचमा र अन्त्यमा संवाददाता सबै छलफलमा प्रत्यक्ष आफैं सहभागी भएर सुनेर लेखेको जस्तो समाचार स्रोतबिना समाचारदाता आफैंले थपेका वाक्यांशहरूको प्रयोग भएका छन् ।

समाचार ३. ५ साउन २०७७ मा नयाँ पत्रिका दैनिकको डिजिटल संस्करणमा 'नेकपा गतिरोध यथास्थितिमा, प्रचण्ड निवासमा माधव नेपालले भने- म जबजवादी हुँ' शीर्षकमा प्रकाशित बाइलाइन नभएको ७ सय २२ शब्दको समाचारमा प्रयोग भएका दुईवटा स्रोतको नाम खुलाइएको छन् भने तीनवटा स्रोत नखुलाइएको स्रोतमा प्रचण्ड ब्रिफिङ उल्लेख गर्दै एक स्थायी कमिटी सदस्यका अनुसार, उनी (माधव नेपाल) निकट एक नेताले भने, उनी (प्रचण्ड) निकट एक नेताले भने भनी उल्लेख गरिएको छ । यो समाचारको अधिकांश ७० प्रतिशत अंश रिपोर्टर स्वयं छलफलको प्रत्यक्षदर्शी स्रोता भए जसरी बिनास्रोत आफ्नै विचार दिएर लेखिएको छ ।

समाचार ४. ६ साउन २०७७ मा कान्तिपुर दैनिकको डिजिटल संस्करणमा 'दाहाल समूहको निष्कर्ष : बल अब ओलीको कोर्टमा' शीर्षकमा प्रकाशित विनु सुवेदीको बाइलाइनमा लेखिएको १ हजार ४ सय १२ शब्दको समाचारमा प्रयोग भएका दुईवटा स्रोतमा स्रोतको नाम खुलाइएको छ भने नौवटा स्रोतमा नाम नखुलाई पूर्वमाओवादीका केही नेताले भने, एक नेताले भने, बैठकमा सहभागी नेताले भने, बैठकमा सहभागी अर्का एक नेताले भने, यो समूहका एक नेताले भने, ओली निकट स्रोतको भनाइ, ओली पक्षीय अर्का नेताले भने, नेपाल निकट एक नेताले भने भन्दै स्रोत साइलेन्स गरिएको छ । यो समाचारमा पनि पत्रकार स्वयं प्रचण्डसँग भएका सबै छलफलमा सहभागी भए जसरी स्रोतबिना आफ्नै विचार दिएर लेखिएको छ ।

समाचार ५. ५ साउन २०७७ मा सेतोपाटी अनलाइनमा 'जबज स्विकारे महाधिवेशनबाट एकल अध्यक्ष र पछि प्रधानमन्त्री बनाउने प्रस्ताव आएको थियो : प्रचण्ड' शीर्षकमा प्रकाशित सञ्जीव बगालेको बाइलाइनमा लेखिएको ४ सय २५ शब्दको समाचारमा प्रयोग भएका एउटा स्रोतमा स्रोतको नाम खुलाइएको छ भने तीनवटा स्रोतमा नाम नखुलाई छलफलमा सहभागी एक स्थायी समिति सदस्य, बैठकमा उठेको धारणाबारे एक नेताले भने र अर्का एक स्थायी समिति सदस्यले भने भनेर स्रोतलाई साइलेन्समा राखिएको छ । समाचारमा प्रयुक्त धेरै भाषा प्रचण्ड जहाँजहाँ गएर कुरा गरेका छन्, ती सबै छलफलमा आफैं उपस्थित भए जसरी स्रोतबिना समाचारदाताले आफ्नै विचार दिएर लेखेका छन् ।

माथिका समाचार सोर्स (समाचार स्रोत)को हवाला दिएर लेखिएका केही उदाहरण मात्र हुन् । यस लेखमा उठान गर्न खोजिएको विषय पत्रकार तथा सञ्चारमाध्यमले समाचारमा स्रोत उल्लेख नगरी स्रोतका अनुसार भन्दै सोर्स साइलेन्स गरेर किन आफैंलाई जोखिममा पार्दै छन् ? पाठकमाझ आफ्नो विश्वसनीयता किन गुमाउँदै छन् ? वा यसमा रिपोर्टर वा मेडिया स्वयंले पनि समाचार स्रोत साइलेन्स गरेर इन्ट्रेस्ट (पक्षधरता) पोलिटिक्स नै गर्न खोजेका त हैनन् ? लामो समयदेखि पत्रकारिताको विद्यार्थी र अध्यापक पनि भएकाले समाचारमा स्रोत उल्लेख गर्दा समाचार सत्य, सन्तुलित र तथ्यपूर्ण हुन्छ भन्ने पढियो(पढाइयो । अझ समाचारमा दुई, तीन वा त्यसभन्दा धेरै पक्ष पनि हुने हुँदा समाचारको स्रोत उल्लेख गर्दा पनि समाचारसँग जोडिएका सबै पक्षलाई स्रोत बनाउनुपर्छ भन्ने पढियो( पढाइयो । नेपालमा पत्रकारिताको सुरुवात भएको सवा सय वर्ष भए पनि खास विकास भएको अवधि २०४७ सालको प्रजातन्त्र प्राप्तिपछि मानिन्छ । त्यसयता छापा, रेडियो तथा टेलिभिजन र पछिल्लो दशक अनलाइन पत्रकारिताले उद्योगकै रूप धारण गरेको मात्र होइन कि व्यावसायिक रूपसमेत धारण गरिसकेको भन्न सकिन्छ ।

यसले पत्रकारितामा नयाँनयाँ प्रयोग भइरहेका छन् भने प्रविधिको विकासले प्रिन्ट मेडियालाई ओझेलमा पार्दै अनलाइन तथा डिजिटल पत्रकारिताको विकासले फड्को मारिरहेको छ । अर्थात् प्रिन्ट मेडियालाई पनि अनलाइन र दृश्य पत्रकारितामा जान बाध्य पारिरहेको छ । तर, प्रविधिको विकास र लामो अनुभवले पत्रकारितालाई झन्झन् निखार्दै/तिखार्दै लैजानुपर्नेमा पत्रकारिता पेसा नै संकटमा पर्न थालेको अनुभव गरिँदै छ । अहिलेको सन्दर्भमा कोभिड-१९ ले सिर्जना गरेको परिस्थितिलाई यसको दोष दिन खोजिए पनि डिजिटल प्रविधिको विकास र हरेक नागरिकले आफूमा बढाउँदै लगेको सञ्चार सीप अनि अनलाइन पत्रकारिताको विकास एउटा पक्ष हो भने अर्कोतिर सतही सूचना र पत्रकारिताप्रतिको गिर्दो साखले यो स्थिति सिर्जना गर्दै छ ।

माथिका समाचारका उदाहरण नेपालको मूलधारका भनिएका अनि परिपक्व सम्पादक भएका मानिएकामा मिडियामा आएका समाचारका उदाहरण हुन् । प्रश्न ती समाचार समसामयिक विषयमा लेखिएका राजनीतिक समाचार हुन् वा पाठकको रुचिका समाचार हुन् वा समाचारदाताको बिटको दायित्व पूरा गर्न लेखिएका समाचार हुन् वा समाचारदाता स्वयंको रुचिमा लेखिएका हुन् वा समाचार स्रोतलाई खुसी बनाउन लेखिएका समाचार हुन् वा सम्पादकको रुचिमा लेखिएका हुन् वा प्रकाशनको रुचिमा लेखिएका समाचार हुन् ? आजको सचेत पाठकले सहजै बुझ्न सक्छन् । मेरो बुझाइमा यी विषय समसामयिक राजनीतिक विषय भए पनि समाचार लेख्दा स्रोत स्पष्ट उल्लेख गरिनुपर्थ्यो भन्ने हो । स्रोत स्पष्ट उल्लेख गरिएको भए न पाठकले प्रश्न उठाउँथे, न समाचार लेखको विषय बन्थ्यो । कहिलेकाहीँ समाचार लेखको विषय बनिदिँदा पनि पृष्ठपोषण पाइने र आगामी दिनलाई सचेत हुन सकिन्छ ।

स्रोत उल्लेख गर्दा पनि सन्तुलनको पक्षलाई ख्याल गर्दै समाचारसँग जोडिएका दुई वा तीन वा त्योभन्दा धेरै पक्षलाई समाचारमा सकेसम्म समान स्थान दिइनुपर्छ भन्ने हो । जब स्रोतले आफ्नो नाम नखुलाई आफ्नो स्वार्थअनुरूपका सूचना मात्र प्रवाह गर्न चाहन्छ भने उसको संरक्षण किन ? आफू र आफ्नो मेडियाको विश्वसनीयतालाई धरापमा पारेर दिइने समाचारले कसको हित गर्छ ? के हाम्रा समाचार त्यस्तै व्यक्ति वा नेता वा विषयको पक्ष पोषणका लागि हो । समाचारमा प्रमुख स्रोतसम्म पुग्न सकिँदैन भने प्रत्यक्षदर्शी वा अप्रत्यक्ष ढंगले त्यससँग सम्बन्धित स्रोत उल्लेख गर्न हामी किन कन्जुस्याइँ गर्दै छौं र एउटै समाचारमा एक नेताले भने भनेर आठ(नौपटक त्यस्ता स्रोतलाई स्थान दिन्छौ ? समाचारको विश्वसनीता गुमाउँदै त्यही समाचार पस्कन किन हतार गर्छौं ? के त्यो समाचार पाठकको रुचि अधिक भएर हो ? वा कोही एक नेताको सपोर्टमा माहोल बनोस् भनेर त्यस्ता समाचार पस्किरहेका छौं ? वा त्यो समाचारले सञ्चारमाध्यमको विश्वास अधिक बढाएको छ वा त्यो समाचार दिँदा पत्रिकालाई राम्रै आम्दानी हुन्छ ? मेरो बुझाइमा यस्ता स्रोतको हवाला दिँदै लेखिएका असन्तुलित समाचारले साइलेन्स रूपमा रिपोर्टर वा सम्पादक वा प्रकाशकको रुचिको नेताको भनाइ आमपाठकमा जाला भन्ने ठानिए पनि यसले समाचार लेख्ने पत्रकार, आम सञ्चारमाध्यम र समग्र पत्रकारिता जगत्कै बदनाम गराइरहेको हुन्छ ।

त्यति मात्र होइन, यस्ता समाचारले छवि आर्जन गरेका मूलधारका छवि निर्माण गरिसकेको मेडिया, तिनका सम्पादक र समाचार लेख्ने रिपोर्टरकै इमेज (छवि)लाई ड्यामेज गरिरहेको हुन्छ । पत्रकारिताका प्राध्यापक पी खरेल यस्तो हुनुमा राजनीतिक दलमा आबद्ध पत्रकारहरूको संख्या बढ्नु प्रमुख कारण रहेको बताउनुहुन्छ । प्राध्यापक खरेल भन्नुहुन्छ, 'विदेशमा स्रोत लुकाउने दैनिक सञ्चार माध्यममा एक वर्षमा एकदुईपटक अपवादजस्तै हुन्छ । हामीकहाँ हिजोका दिनमा साप्ताहिक पत्रिकाहरू स्रोतबिनाका स्रोतको हवाला दिँदै समाचार लेख्दा समाजबाटै हराए ।

आजभोलि दैनिक र अनलाइनहरू त्यही साप्ताहिक पत्रिकाको जस्तै स्रोतको हवाला दिँदै दायित्व लिनै नपर्ने र पाठकलाई खल्लो पार्ने खालका पार्टीका समाचार दिने स्थान लिँदै छन् र आफ्नै कारणले हराउने स्थानमा पुग्दै छन्,' प्राध्यापक खरेल थप्नुहुन्छ, 'पार्टी स्वयंले हाम्रो दलमा आबद्ध पत्रकारहरूको संख्या १८ हजार छ । मेरो दलमा २२ हजार छ भन्दै छन् । ती पत्रकारहरूबाट कस्तो समाचारको आशा गर्ने ? राम्रो समाचारका लागि समाचार स्रोत खुलाउनैपर्छ । त्यसले सबैमा जिम्मेवारी बोध झल्कन्छ । समाचारमा विश्वसनीयता र गुणस्तरीयता पनि बढ्छ ।'

प्रविधिको विकासले पत्रकारितामा बढ्दो डिजिटलाइजेसन, नयाँ पुस्ताको जबरजस्त प्रवेश र विषम परिस्थितिले छापा पत्रकारितामा त संकट नै ल्याएको छ । रेडियो, टेलिभिजन र अनलाइन पत्रकारितालाई पनि दिन प्रतिदिन नयाँनयाँ योजना, स्वरूप र परिस्थितिबाट गुज्रनुपर्ने अवस्था सिजना हुँदै छ । त्यसमाथि आफैंलाई समस्यामा पार्ने खालका स्रोत साइलेन्स गरेर वा आफ्नो अनुकूलका स्रोत खुलाएर पुरानो शैलीमा लेखिने समाचार अब डिजिटल तथा भर्चुअल समाजमा मात्र होइन, परम्परागत समाजमा समेत बिक्न छाडिसकेका छन् ।

केही छापा, रेडियो, अनलाइनहरू र टेलिभिजनले समाचारका स्वरूपमा फरकपन ल्याई नयाँ पुस्ताका डिजिटल तथा भर्चुअल पाठक, श्रोता र दर्शकमाझ नयाँ ढंगले पुग्ने प्रयास गरेका पनि छन् । मेडियाहरूले अबको समयमा बाँच्नकै लागि पनि नयाँ ढंगको योजनाका साथ पाठक, श्रोता र दर्शकको रुचि पहिलाउँदै विवाद बढाउनेभन्दा समाधान दिने समाचारका साथ समाज(समुदायसँग जोडिएर अघि बढ्नुको विकल्प छैन ।

अमेरिका–चीन तनाव उत्कर्षमा

# अमेरिकी कूटनीतिज्ञले छोडे चेङ्गदू महावाणिज्य दूतावास



महावाणिज्य दूतावास बन्द भएको हेर्न हेनान, हुबई, सियानलगायत टाढाटाढा प्रान्तबाट मानिसहरूको भिड

**चीन/एजेन्सी–** चीनको दक्षिण- पश्चिमी शहर चेङ्गदूमा रहेको अमेरिका महावाणिज्य दूतावासका कूटनीतिज्ञहरुले चीन छोड्दै छन् । चीनले चेङ्गदूमा रहेका अमेरिकी महावाणिज्य दूतावास बन्द गर्न आदेश दिएकाले त्यहाँका कूटनीतिज्ञ त्यहाँबाट बाहिरिएका हुन् । चीनले सो महावाणिज्य दूतावास बन्द गर्नका लागि सोमबारसम्मको समय दिएको थियो । चेङ्गदू महावाणिज्य दूतावासका कर्मचारीहरुले बक्स, फाइल तथा अरु सामग्रीहरु ओसारिरहेको देखिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

महावाणिज्य दूतावास बाहिर चिनियाँ झण्डासहित स्थानीय बासिन्दा भेला भएका थिए । उनीहरुले सेल्फी खिचेका थिए । अमेरिकाले टेक्सासको ह्युस्टनमा रहेको चिनियाँ महावाणिज्य दूतावास बन्द गर्न भनेपछि त्यसको जवाफमा चीनले पनि चेङ्गदूमा रहेको अमेरिकी महावाणिज्य दूतावास बन्द गर्न भनेको थियो ।

ह्युस्टनको महावाणिज्य दूतावास छोड्नका लागि अमेरिकाले ७२ घण्टाको समय दिएको थियो, जुन शुक्रबार सकियो । सो भवनमा अमेरिकी अधिकारी पसेको पत्रकारहरुले बताएका छन् । चीनले महावाणिज्य दूतावास मार्फत अमेरिकाको बौद्धिक सम्पत्ती चोरी गरेका कारण यस्तो कदम चालिएको अमेरिकी विदेश मन्त्री माइक पोम्पेओले बताएका छन् ।

चीनको विदेश मन्त्रालयका प्रवक्ता वाङ्ग वेन्बिनले अमेरिकी आरोप तथ्यको तोडमोड गरी चीन विरोधी भावना अनुसारको रहेको र यसमा कुनै सत्यता नरहेको बताएका छन् । विश्वका दूई ठूला शक्ति राष्ट्र अमेरिका र चीनबिच विभिन्न विषयलाई लिएर पछिल्लो समय तनाव उच्च भएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनले कोरोना भाइरसको महामारीबारे सुरुमा जानकारी नदिएर वा सुरुमै नियन्त्रण नगरेर अहिलेको विश्वव्यापी महामारीको अवस्था आएको पनि आरोप लगाउने गरेका छन् ।

बन्द भएको हेर्न मानिसको भिड

साउथ चाइना मर्निङ पोष्ट समाचारपत्रका अनुसार महावाणिज्य दूतावास बन्द भएको हेर्न हेनान, हुबई, सियानलगायत टाढाटाढा प्रान्तबाट मानिसहरू चेङ्गदू आएका थिए । सन् १९८५ मा स्थापना भएको उक्त महावाणिज्य दूतावास बन्द हुनु अन्तर्राष्ट्रिय राजनीतिको महत्वपूर्ण घटना भएकाले पनि आफूहरू त्यसको साक्षी बन्न आएको उनीहरूले बताएका छन् ।

उनीहरूले महावाणिज्य दूतावास देखिने गरी सेल्फी खिचेका थिए भने कतिपयले चिनियाँ झन्डा बोकेका छन् र राष्ट्रवादी गीत पनि गाएका थिए ।

चेङ्गदू एडुकेशन इन्स्टिच्युटमा काम गर्ने २६ वर्षीय जोलिन वाङले आफू शुक्रबारदेखि लगातार टेलिस्कोप र छाता लिएर महावाणिज्य दूतावास हेर्न गएको बताइन् । 'यो अन्तर्राष्ट्रिय चासोको विषय हो र मेरोनजिकै भइरहेको छ । अमेरिकाको महावाणिज्य दूतावास कसरी बन्द हुँदो रैछ भन्ने सबै थाहा पाउन दिनदिनै गएको हुँ,' उनले भनिन् ।

सोमबार बिहान केही चेङ्गदूवासी त कार्यालय नगई महावाणिज्य दूतावास हेरिरहेका थिए । ३० वर्षीया एलेन हुको अफिस साढे ९ बजेदेखि सुरू हुन्थ्यो तर उनी महावाणिज्य दूतावास बन्द भएको हेर्न १० बजेसम्म त्यहीँ कुरेर बसेकी थिइन् । 'यो बन्द भएको हेर्नु अफिस जानुभन्दा धेरै महत्वपूर्ण छ,' उनले भनिन्, 'किनकी यस्तो घटना दशकौं वर्षपछि मात्र हुन्छ ।'

छोरालाई भेट्न उत्तरी हुवेई प्रान्तबाट चेङ्गदू आएका ६० वर्षीय सु जुनछिङ पनि शनिबार र आइतबार महावाणिज्य दूतावास हेर्न पुगेका थिए । 'मलाई लाग्छ धेरै मान्छे उत्सुक छन् । मेरो विचारमा यो महावाणिज्य दूतावास फेरि खुल्छ होला किनकी चीन र अमेरिकाले आपसी सहकार्य रोके भने पूरै संसारलाई नै राम्रो हुन्न,' उनले भने ।

# भारतमा एकैदिन थपिए करिब ५० हजार संक्रमित



**भारत/एजेन्सी–** भारतमा कोरोनाभाइरसबाट दैनिक संक्रमितको संख्या अत्यधिक बृद्धि भएको छ । केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा ४९ हजार ९३१ जना कोरोनाभाइरसबाट संक्रमित भएका छन् । भारतमा सोमबार साँझसम्म कोरोनाबाट संक्रमित भएकाको संख्या १४ लाख ४० हजार नाघेको छ । तीमध्ये चार लाख ८ट हजार बढी अझै पनि संक्रमित अवस्थामै रहेका छन् भने नौ लाख २१ हजार बढी संक्रणमुक्त भइसकेका छन् ।

त्यसैगरी पछिल्लो २४ घण्टामा भारतमा कोरोनाबाट संक्रमित भएर ७०८ जनाको मृत्यु भएको छ । योसँगै कुल मृतकको संख्या ३२ हजार ८ सय नाघेको अधिकारीले जनाएका छन् । प्रदेशअनुसार हेर्दा सवैभन्दा धेरै महाराष्ट्र राज्यमा तीन लाख ७५ हजार ८ सय संक्रमित भएका छन् । त्यसैगरी तमिलनाडुमा दुई लाख १३ हजार ७ सय बढी र दिल्ली राज्यमा एक लाख ३० हजार ६ सय बढी संक्रमित भएका छन् ।

त्यस्तै विश्वमा सोमबार साँझसम्म एक करोड ६४ लाख ५० हजारभन्दा बढी व्यक्तिमा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । कोरोना भाइरस संक्रमणको कारण विश्वभरी छ लाख ५२ हजार ८ सयभन्दा बढी व्यक्तिको मृत्यु भएको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले जानकारी दिएको छ । सङ्क्रमितमध्ये हालसम्म १ करोड ६८ हजार भन्दा बढी व्यक्ति कोरोना मुक्त भएका छन् । विश्वभरमा ५७ लाख २५ हजार भन्दा बढी व्यक्ति कोरोना भाइरस संक्रमित रहेका उनीहरुको उपचार भइरहेको छ । संक्रमितमध्ये ६६ हजार २ सय बढीको अवस्था गम्भीर रहेको जनाइएको छ ।

चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ । डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र ४३ लाख ७२ हजार बढीमा कोरोना भाइरसका संक्रमित रहेका छन् । यस प्रकोपका कारण अमेरिकामा एक लाख ५० हजार भन्दा बढी व्यक्तिको मृत्यु भइसकेको बताइएको छ ।

दक्षिण अमेरिकामा ३७ लाख ४२ हजार बढी कोरोना भाइरस संक्रमति रहेका छन् । यहाँ एक लाख ३४ हजार २ सय बढीको कोरोनाबाट मृत्यु भएको छ । उत्तर अमेरिकामा ५१ लाख २९ हजार बढी कोरोना भाइरस संक्रमति रहेका छन् । यहाँ दुई लाख ८ हजार बढीको कोरोनाका कारण मृत्यु भएको छ ।

युरोपमा २७ लाख ८४ हजार भन्दा बढी कोरोना भाइरस संक्रमित रहेका छन् भने दुई लाख १ हजार भन्दा बढीको मृत्यु भएको छ । एसिया ३९ लाख ५ हजार बढीमा कोरोना भाइरस संक्रमण रहेको छ भने ८७ हजार ४ सय बढीको मृत्यु भएको छ ।

अफ्रिकामा आठ लाख ५० हजार बढीमा कोरोना भाइरस संक्रमण रहेको छ भने १७ हजार ८ सय बढीको मृत्यु भएको छ । ओसियानामा १६ हजार ६ सय बढीमा कोरोना भाइरस संक्रमण रहेको छ भने १८० भन्दा बढीको मृत्यु भएको छ ।

# प्रदर्शनकारीको गोली हानी हत्या



**टेक्सास/एजेन्सी–** अमेरिकाको टेक्सासमा रंगभेद विरोधी प्रदर्शनको क्रममा एकजनाको ज्यान गएको घटनाको छानबिन गरिरहेको स्थानीय प्रहरीले जनाएको छ । अस्टिन शहरमा भएको एन्टी–रेसिज्म (रंगभेद विरोधी) प्रदर्शनको क्रममा कारमा आएका व्यक्तिले गोली चलाएको प्रत्यक्षदर्शीले बताएका छन् । सोही गोली लागेर गारेट फोस्टरको निधन भएको हो ।

प्रदर्शनमा फियोन्सीको ह्वीलचियर धकेलिरहेका फोस्टरमाथि अचानक भिडमा कार लिएर आएका व्यक्तिहरुले मध्ये एकजनाले चलाएको गोली लागेको हो । गम्भीर घाइते भएका उनलाई अस्पताल लिएको भए पनि डाक्टरले मृत घोषित गरेका थिए । प्रहरीले केही समयपछि आरोपित आक्रमणकारीलाई नियन्त्रणमा लिएको जनाइएको छ ।

झडप भएको र गोली लागेर एकजनाको ज्यान गएको घटनाको स्थानीय प्रहरीले अनुसन्धान थालेको अमेरिकी सञ्चारमाध्यमले जनाएका छन् । सो घटनाबारे अनुसन्धान जारी रहेको प्रहरीको भनाइ छ । सामाजिक सञ्जालमा फोस्टरलाई श्रद्धाञ्जली व्यक्त गर्नेहरुको संख्या अधिक छ । उनको परिवारको सहयोगका लागि सुरु गरिएको फण्डरेजरमा ७० हजार अमेरिकी डलर भन्दा बढी संकलन भइसकेको छ ।

अमेरिकामा पछिल्लो समय रंगभेदको विरोध, प्रहरी ज्यादतीको विरोध तथा ब्ल्याक लाइफ म्याटरको समर्थनमा प्रदर्शन हुँदै आएका छन् । गएको मे मा प्रहरीबाट निहत्था अश्वेत व्यक्ति जर्ज फ्लोइडको हत्या भएपछि प्रदर्शन चर्किएको हो । ओरेगनको पोर्टल्याण्डमा विगत ५९ दिनदेखि लगातार प्रदर्शन हुँदै आएको छ ।

# फ्रान्सबाट पाँच लडाकु विमान भारतका लागि उडे



**भारत/एजेन्सी–** लामो छलफल र रस्साकस्सीपछि भारत–फ्रान्सबीच लडाकु विमानसम्बन्धी सम्झौता कार्यान्वयन भएको छ । फ्रान्सबाट सोमबार पाँच 'रफाल' लडाकु विमान भारतका लागि उडेका छन् । फ्रान्स एयरबेसबाट सोमबार उडान भरेका विमानहरु २९ जुलाईमा भारतको अम्बालास्थित भारतीय वायु सेनाको एयरबेसमा ल्यान्ड हुनेछन् । फ्रान्सका लागि भारतीय राजदूतले उक्त विमानहरुमा भारतको झण्डा राखेपछि उडान सुरु भएको थियो ।

भारतीय सेनाले यी लडाकु विमानका लागि ह्यामर मिसाइल खरिदका लागिसमेत अनुमति दिइएको छ । ६०(७० किलोमिटरको दूरीसम्म निशाना बनाउनसक्ने ह्यामर मिसाइल खरिदका लागि प्रक्रिया अघि बढाइएको बताइएको छ ।

भारत–चीनबीच बढ्दै गएको तनाव तथा बदलिँदो वैश्विक सुरक्षा परिदृष्यमा भारतका लागि यी विमानहरु निकै महत्त्वपूर्ण भएको बताइएको छ । फ्रान्सका लागि भारतीय दूतावासले ट्विट गर्दै भनेको छ, 'नयाँ राफल विमानले भारतको हवाई सैन्य क्षमतामा रणनीतिक र महत्त्वपूर्ण बल पुर्‍याउनेछ । फ्रान्सबाट उडान भरेका विमानहरु भारतीय एयर बेसमा ल्यान्ड हुनेछन् ।'

लडाकु विमानका लागि रुसमा निर्भर रहेको भारतका लागि युरोपियन विमान थपेर नयाँ प्रविधि भित्र्याएको बीबीसीले जनाएको छ । यी विमानहरु मे महिनामा ल्याउने भनिए पनि कोरोना भाइरसको महामारीका कारण ल्याउन सकिएका थिएनन् ।

भारतले फ्रान्ससँग ३६ राफल विमान खरिद गर्ने सम्झौता गरेको थियो । उक्त सम्झौताका क्रममा भारत सरकारले चरम भ्रष्टाचार गरेको भन्दै निकै विवादित बनेको थियो । एयर टु एयर र एयर टु ग्राउन्डसम्म निशाना बनाउनसक्ने क्षमता भएका रफालजस्त विमानहरु चीन र पाकिस्तानसँग पनि नभएको दाबी गरिएको छ ।

# डारफरमा जारी हिंसामा ६० जनाको मृत्यु



**सुडान/एजेन्सी–** सुडानको पश्चिमी डारफर क्षेत्रमा भएको हिंसामा परी कम्तीमा पनि ६० जनाको ज्यान गएको छ । उक्त हिंसामा परी अरु ६० जना जति नराम्ररी घाइते भएका संयुक्त राष्ट्रसंघीय अधिकारीहरुले जानकारी दिएका छन् ।

पश्चिमी डारफरको मास्तेरी भन्ने गाउँमा करिब ५०० को संख्यामा आएका सशस्त्र हतियारधारीहरुले आक्रमण गरेका थिए । सो हिंसामा परी कम्तीमा पनि ६० जनाको ज्यान गएको छ भने अरु ६० जना नराम्ररी घाइते भएका छन् ।

उक्त क्षेत्रमा शनिबार अपराह्न सो हिंसा भएको राष्ट्रसंघीय सुरक्षा अधिकारीका साथै अधिकारवादी संस्थाहरुले विज्ञप्तिमार्फत जानकारी दिएका छन् । उक्त क्षेत्रमा विगत लामो समयदेखि हिंसा भइरहेको भन्दै यसलाई पछिल्लो समयमा भएको एक ठूलो हिंसाका रुपमा लिइएको छ ।


उक्त मस्तेरी गाउँमा घरहरु भत्काइएका र जलाइएका छन् भने अरु पनि कैयौं पूर्वाधारहरु नष्ट भएका पनि बताइएको छ । पश्चिम डारफरको सरकारी समाचार समिति सुनाले सो समाचार दिएको छ । सुनाले उक्त गाउँका विभिन्न जातीय समूहबीच सो हिंसा भएको बताएको छ ।

विभिन्न जातीय समूहरुका आ–आफ्ना सशस्त्र विद्रोही समूहहरु रहेका र उनीहरु एक आपसमा भिडन्त पनि गरेका सो समाचार समितिको समाचारमा उल्लेख गरिएको छ । यसअघि पनि हिंसा भएको सो क्षेत्रमा गएको जुलाई १३ मा सुरक्षा संकटकालको घोषणा गरिएको थियो । तर त्यस यता पनि हिंसा भने रोकिएको छैन ।

सुडानी प्रधानमन्त्री अब्दुल्लाह हामदकले उक्त क्षेत्रका नागरिकको जीवन रक्षाका लागि सेना पठाउने जानकारी दिए । उनले हाल त्यहाँ खेतीबालीको मौसम रहेकाले यस समयमा हुनसक्ने हिंसा रोक्नका लागि पनि त्यस क्षेत्रमा आवश्यक परेको संख्यामा हामी सुरक्षाकर्मीहरु पठाउने तयारी गरेका छौं भने ।

पश्चिमी सुडानी क्षेत्र डारफरमा गएको सन् २००३ देखि ठूलो हिंसा मच्चाइएको छ । त्यहाँ जातीय विद्रोही र सुरक्षा अधिकारीहरुका बीचमा त्यस यता देखि नै हिंसा जारी रहेको बताइएको छ ।

# इरान सरकारका प्रवक्तालाई पनि कोरोना संक्रमण



**इरान/एजेन्सी–** इरान सरकारका प्रवक्ता अलि रबिलाई कोरोनाभाइरसको संक्रमण भएको पुष्टि गरिएको छ । कोरोनाभाइरसबाट संक्रमित भएको पुष्टि भएपछि उनले नियमित साप्ताहिक पत्रकार सम्मेलन समेत स्थगित गरेका छन् । उनलाई थप उपचारका लागि अस्पताल लगिएकाले पनि पत्रकार सम्मेलन हुन नसकेको अधिकारीहरुले जनाएका छन् ।

प्रवक्ता रबि कोरोनाभाइरसबाट संक्रमित भएको अधिकारीहरुले पुष्टि गरेको इरानको सरकारी सञ्चार संस्था आइआरएनएले सोमबार जनाएको छ । उनको उपचारमा संलग्न चिकित्सकहरुले उनको अवस्था सन्तोषजनक नै रहेको जानकारी दिएका छन् । उनीहरुले उनलाई संक्रमण भएपनि खतरा भने नरहेको स्पष्ट पारेका छन् ।

इरानमा गत फेब्रुअरीको १९ तारिखदेखि अहिलेसम्म कोरोनाभाइरसबाट दर्जनौ राजनीतिज्ञहरु संक्रमित भएका छन् । सोमबारसम्म इरानमा कोरोनाभाइरसबाट कुल संक्रमितको संख्या दुई लाख ९३ हजार ६०६ पुगेको अधिकारीहरुले जानकारी दिएका छन् । त्यसैगरी कोरोनाभाइरसकै कारण इरानमा अहिलेसम्म १५ हजार ९१२ जनाको मृत्यु भएको पनि सरकारी तथ्याङ्क छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/०४/१३

यस कम्पनीको मिति २०७७/०२/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **रोज रेज ईन्टरनेशनल लजिस्टिक प्रा.लि. (प्रा.लि.नं. ४५६५४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०३/१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **रोज रेज मल्टिप्रपोज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**कम्पनिको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित २०७७/०४/१३

मिति २०७६/०६/१५ को निर्णय अनूसार साबिकको ढूसेनी निमार्ण सेवा प्रा.लि दर्ता नं. २११६७२/०७५/०७६ को नाम परिवर्तन गरी आमा कन्स्ट्रक्सन एण्ड सप्लायर्स राखिएको जानकारी सबैलाई गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

(तेस्रो पटक प्रकाशित मिति २०७७/०४/१३)

यस कम्पनीको मिति २०७६/०४/०२ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनीको नाम **मेनका इन्टरनेशनल प्रा.लि. (प्रा.लि. नं. ११७००८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यर्होनुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रिारको कार्यालयको मिति २०७६/०५/०६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **निओम इन्टरनेशनल प्रा.लि. (प्रा.लि. नं. ११७००८)** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

# बक्स अफिस समाचार

### कलाकारलाई मन्त्री डा. खतिवडाले दिएको

# ‘रातो पासपोर्ट’को आश्वासन पूरा होला ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ साउन

नेपालमा कलाकारहरुले राज्यबाट खासै सुविधा पाउन सकेका छैनन्। राज्यले कलाकारलाई प्राथमिकतामा नराखेको गुनासो पहिलेदेखि नै कलाकर्मीहरुले गर्दै आएका छन् । कलाकार भनेको राष्ट्रको गहना भनेर सबैले भन्छन्। तर सोही अनुरुप राज्यले वास्ता नगर्दा नेपालका कलाकारहरु राज्यबाट सन्तुष्ट देखिँदैनन् । पछिल्लो समय कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण देश लकडाउनमा हुँदासमेत कलकारहरुका लागि सरकारले केही राहत प्याकेज नल्याएको उनीहरुको गुनासो छँदै छ।

यसैबीच गत शुक्रबार चलचित्र विकास बोर्डको निरीक्षण गर्न बोर्ड पुगेका अर्थ र सञ्चार तथा सूचना प्रविधि मन्त्री डा. युवराज खतिवडाले कलाकारहरुलाई पनि अब रातो पासपोर्ट (कूटनीतिक राहदानी) उपलब्ध गराइने आश्वासन दिए । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, संसद्का सभामुख, उपप्रधानमन्त्री, मन्त्री, संसद्का विपक्षी दलका नेता, उपसभामुख, संवैधानिक निकायका प्रमुखलगायतले रातो पासपोर्ट प्रयोग गर्ने गरेका छन् । तर कलाकारहरु भने हालसम्म हरियो पासपोर्टमै विदेश भ्रमणमा गइरहेका छन् । यस्तो अवस्थामा मन्त्री डा. खतिवडाको सो अभिव्यक्ति आउनु कलाकर्मीहरुका लागि हर्षको विषय पक्कै हो ।




यसका लागि अध्ययन गरेर सोही अनुरुपको कार्यक्रम ल्याउन उनले बोर्डलाई निर्देशन पनि दिएका थिए । अरु क्षेत्रका व्यक्ति झैं फिल्म क्षेत्रका व्यक्तिहरुले पनि विदेश जाँदा सोही अनुरुपको पहुँच पाउनु पर्ने मन्त्री खतिवडाको भनाइ थियो। बोर्डको निरीक्षणका क्रममा उनले भनेका थिए, ‘अरु व्यवसायिक क्षेत्रका व्यक्तिहरुले विदेश जाँदा जुन किसिमको पहुँच पाउनुहुन्छ, कतिले रातो पासपोर्ट माग्नुहुन्छ, कतिले भिआइपी कक्षको प्रयोग गर्न पाउनुहुन्छ। त्यो एउटा मर्यादाक्रम र हाम्रा श्रोतका सीमा हेरेर गर्न सकिने कुरा हो।’

मन्त्री खतिवडाले सीमित स्रोत साधानका कारण सबै कलाकारलाई रातो पासपोर्टको सुविधा उपलब्ध गराउन असम्भव रहेको पनि बताए ।

अत्यन्त मुर्धन्य कलाकारहरुलाई सम्मान स्वरुप उक्त सुविधा उपलब्ध गराउन सकिने उनको भनाइ थियो। उनले कोरोना भाइरसबाट प्रभावितका रूपमा अन्य उद्योग व्यवसायले पाएजस्तै सहुलियत फिल्म क्षेत्रले पनि पाउने आश्वासन दिएका छन्।

मन्त्री डा. खतिवडाले दिएको आश्वासन पूरा हुनेमा कलाकारहरु नै अन्योलमा देखिन्छन् । कोरोना संक्रमणका कारण चलचित्र क्षेत्र नै बन्द अवस्थाम रहेको छ। चलचित्र क्षेत्रसँग जोडिएको हजारौं चलचित्रकर्मीहरु अहिले बेरोजगार छन् । यस्तो समयमा त राहत उपलब्ध नगराउने सरकारले कलाकारको सुविधाका लागि रातो पासपोर्ट प्रदान गर्ला भन्ने विषय सजिलै पत्याउन गाह्रो रहेको कतिपय कलाकारहरु बताउँछन्।

कलाकारले विदेश गएर नेपाल र नेपालीलाई चिनाउँदै आफ्नो कला प्रस्तुत गर्छ । तर तीनै कलाकारलाई सरकारले उचित मूल्यांकन गरेर सुविधा नदिँदा नेपालमा कला क्षेत्र सोचेअनुरुप फस्टाएको पाइन्न । कलाकार राष्ट्रका गहना हुन् भन्ने सोचेर राज्यले कलाकारलाई सुविधा दिन हिच्किचाउन नहुने उनीहरु बताउँछन् । जसले गर्दा नेपाली कला क्षेत्रले राम्रो फड्को मार्ने पनि उनीहरुको विश्वास छ । त्यसैले राज्यले आश्वासन दिएअनुरुप कलाकारका लागि रातो पासपोर्ट उपलब्ध गराए कला क्षेत्रमा नयाँ आशा पलाउने उनीहरु बताउँछन्।

# अंकितको फिल्मलाई इटलीमा पुरस्कार



**काठमाडौं/मस-** अंकित पौडेलले निर्देशन गरेको फिल्म ‘सङ अफ दि क्लाउड’ इटालीको फिल्म फेस्टिभलमा पुरस्कृत भएको छ। मृत्युपछिको जीवनलाई कल्पना गरी बनाइएको फिल्मले एसोलो आर्ट फिल्म फेस्टिभलमा आर्ट फिल्म विधातर्फ पुरस्कार जितेको हो। विजेता बनेको यो फिल्मले ५ सय युरो प्राप्त गरेको छ । आफू निर्देशित फिल्म पुरस्कृत भएकोमा अंकितले खुसी व्यक्त गरेका छन् ।

यो फिल्म गएको जनवरीमा सनडान्स फिल्म फेस्टिभलमा प्रिमियर भएको थियो । अटलान्टा फिल्म फेस्टिभल, पामस्प्रिङ इन्टर नेसनल सर्ट फेस्ट, दि नर्वेजियन सर्ट फिल्म फेस्टिभल, डोकु फेस्टिभललगायत विभिन्न फिल्म महोत्सवमा पनि फिल्म प्रदर्शन भइसकेको छ । फिल्मले वर्ल्ड फेस्ट हस्टन इन्टरनेसनल फिल्म फेस्टिभलमा ब्रन्ज रेमी अवार्ड पनि जितेको थियो ।

नेपालको अस्कर कलेजबाट फिल्म मेकिङमा स्नातक गरेका अंकित हाल अमेरिकाको विस्कन्सिन मिल्वाउकी युनिभर्सिटीबाट फिल्म मेकिङमा मास्टर्स गरिरहेका छन् । उनले यो फिल्म थप केही फेस्टिभलमा छनौट भएको र त्यसको घोषणा हुन बाँकी रहेको बताएका छन्। छायांकारको रुपमा २० भन्दा बढी काम गरेका अंकितको ‘सङ अफ दि क्लाउड’ डेब्यू निर्देशित फिल्म हो ।

# हलिउडकी चर्चित अभिनेत्री ओलिभियाको निधन




**काठमाडौं/एजेन्सी-** हलिउडको ‘गोल्डेन एज’ की एकमात्र जीवित स्टार ओलिभिया डी हाभिल्याण्ड पनि बिदा भएकी छन् । उनको १०४ वर्षको उमेरमा निधन भएको हो। हलिउडमा ५० वर्ष भन्दा धेरै सक्रिय रहेकी ओलिभियाले झण्डै ५० चलचित्रमा काम गरेकी छन्। उनी सन् १९३९ को ‘गन विथ द विन्ड’ एक मात्र जीवित कलाकार थिइन् ।

ओलिभिया गन विथ द विन्डकै लागि ओस्कार अवार्डमा मनोनित भएकी थिइन् । त्यसबाहेक उनी अरु चारपटक ओस्कार अवार्डमा मनोनयनमा परेकी उनले दुई पटक अवार्ड जितिन् । ब्रिटिस-अमेरिकन अभिनेत्री ओलिभिया सन् १९६० देखि फ्रान्सको पेरिसमा बस्दै आएकी थिइन् । उनी हलिउडको स्टूडियो सिस्टमलाई तल पारेर कलाकारलाई राम्रो सम्झौता दिलाउने भूमिकामा महत्वपूर्ण व्यक्ति मध्येमा पर्छिन् । बहिनी जोन फोन्टेइसँग उनको सम्बन्ध निकै राम्रो थियो। फोन्टेइले पनि ओस्कार अवार्ड जितेकी थिइन् ।

ओलिभिया बढी उमेरसम्म जीवित रहने ओस्कार विजेता कलाकार पनि थिइन्। उनको निधन आइतबार पेरिस स्थित निवासमै भएको जानकारी दिइएको सिएनएनले जनाएको छ । ओलिभियाको जन्म जापानको टोकियोमा सन् १९१६ को जुलाई एकमा भएको हो । त्यसको केही समयपछि नै उनको परिवार अमेरिकाको क्यालिफोर्निया गएको थियो ।

उनले एरोल फ्लीनसँग क्याप्टेन ब्लडमा काम गरेकी थिइन्। उनले द एड्भान्चर्स अफ रोबिन हूडमा पनि काम गरेकी थिइन् । गन विथ विन्डका लागि उनले ओस्कार जितिन्। उनले सन् १९४६ मा ‘टू इच हिव वन तथा सन् १९४९ मा द हाइरेसका लागि ओस्कार अवार्ड जितेकी थिइन् । सन् १९८० को दशकसम्म काम गरेकी उनले १९८६ मा एनास्टेसियाः द मिस्ट्री अफ एनाका लागि गोल्डेन ग्लोब अवार्ड जितेकी थिइन्।

# सहयोगी सोनु सूद



**काठमाडौं/एजेन्सी-** भारतीय अभिनेता सोनु सूदले कोरोना भाइरसको महामारीका समयमा कठिन अवस्थामा रहेका धेरै मानिसलाई सहयोग गरेर मन जितिरहेका छन् । सोनुले यो अवधिमा बाटोमा अलपत्र परेका कयौं मजदुरहरुलाई घरसम्म पुऱ्याउने व्यवस्था मिलाएका छन् भने कयौंलाई खाना र राहत वितरण गरेका छन् ।

हालै मात्र उनले आन्ध्र प्रदेशको एक किसान परिवारलाई खेत जोत्ने ट्याक्टर उपलब्ध गराएका छन् । एक महिलाले आफ्नी दुई छोरीहरुलाई जुवामा नारेर हलोले खेत जोतिरहेका थिए । सोनुले सामाजिक सञ्जालमार्फत् उक्त परिवारका बारेमा जानकारी पाए लगत्तै सहयोग गरेका हुन् ।

उनले ट्विटरमा किसनका छोरीहरुले पढाइमा ध्यान दिनु पर्ने र किसानलाई जोत्न गोरुको व्यवस्था गर्नु पर्ने लखेका थिए । केही समयपछि उनले उक्त किसान परिवारको गोरु नभई ट्याक्टरको अधिकार भएको लेखे । उनले साँझसम्म ट्याक्टर किसानको आँगनमा पुग्ने पनि बताए। सोनुको उक्त बाचा साँझ नपर्दै पूरा भयो । उनले किसानको घरमा पाँच घन्टामै ट्याक्टर पुऱ्याएदिए ।

आन्ध्र प्रदेशका पूर्व मुख्यमन्त्री चन्द्रबाबु नायडुले ट्याक्टरका साथ रहेको उक्त परिवारको भिडियो शेयर गरेका छन्। चित्तुर जिल्लाका नागेश्वर राव परिवारलाई सहयोग गरेकोमा उनले अभिनेता सुदको प्रशंसा गरे । उनले दुवै युवतीको पढाइ खर्च व्यहोर्ने बताएका छन् । आन्ध्र प्रदेशको चित्तुर जिल्लामा बस्ने यो परिवारको आर्थिक अवस्था लकडाउनपछि प्रभावित भएको थियो ।

# सुवर्ण र दीपाको तीज भाकामा राहुल र सरिताको छम छम



**काठमाडौं/मस-** महिलाहरुको महानपर्व हरितालिका तीज पर्व नजिकिँदै छ । आगामी तीजलाई लक्षित गरेर गायक सुवर्णकुमार श्रेष्ठ र गायिका दीपा कोइरालाले नयाँ गीत बजारमा ल्याएका छन् । यी दुई कलाकारले नयाँ तीज भाका ‘छमछम पाउजु’ बजारमा ल्याएका हुन्। गीतमा पुरुष स्वरसँगै सुवर्णको शब्द र संगीत पनि रहेको छ ।

यसअघि थुप्रै गीत गाइसकेका सुवर्णको यो पहिलो तीज गीत हो । दीपाले यसअघि पनि तीज गीत ल्याइसकेकी छन् । यो तीज भाका सुवर्णले नै तयार गरेका हुन्। यसपटकको कोरोना संक्रमणबाट आफूहरूलाई सुरक्षित राख्दै र अहिलेको तनाव मुक्त गर्न यो गीतबाट अनुरोध गरिएको छ ।

दर्जनौं चलचित्र र करिब ५ सय अभिनय गरिसकेका अभिनेता राहुल श्रेष्ठको यो गीतमा अभिनय र नृत्य रहेको छ । गायिका, मोडल एवं ब्युटी न्युज नेपालकी समाचार संयोजक सरिता भारती र राहुल यो गीतमा जोडी बनेर प्रस्तुत भएका छन् । यी जोडीको नृत्य र अभिनयलाई दर्शकले राम्रो प्रतिक्रिया दिएका छन् ।

यो गीतको भिडियो निर्देशन तथा कोरियोग्राफी छबी थापामगरले गरेका हुन् । जसमा मोहनिष श्रेष्ठको छायांकन रहेको छ । ‘छमछम पाउजु’ को भिडियोलाई भिडियो क्राफ्ट युट्युब च्यानलबाट रिलिज गरिएको छ ।

# अभिनेत्री विजयलक्ष्मीद्वारा आत्महत्या प्रयास




**भारत/एजेन्सी-** दक्षिण भारतीय अभिनेत्री विजयलक्ष्मीले आत्महत्याको प्रयास गरेकी छन् । उनले रक्तचाप कम गर्ने औषधि खाएर आत्महत्याको प्रयास गरेको टाइम्स अफ इण्डियाले जनाएको छ । आत्महत्याको प्रयास गरेकी उनको हाल अस्पतालमा उपचार भइरहेको छ । उनको स्वास्थ्य अवस्था सुधारोन्मुख छ ।

आत्महत्याको प्रयास गरेकी विजय लक्ष्मीले एक भीडिओ पोस्ट गर्दै आफूले पूर्व तमिल फिल्मकर्मी तथा राजनीतिज्ञ सिमन तथा उनको राजनीतिक पार्टीका कार्यकर्ताका कारण आत्महत्या गर्नुपरेको आरोप लगाएकी छन्। श्रीलंकनको तमिल समुदायबाट रहेकी उनी तमिलवादी नेता सिमनको विरोध गरेपछि चर्चामा आएकी थिइन् ।

सिमन तमिलवादी नेताका अलावा श्रीलंकामा लामो समय स्वायत राज्यका लाहि सशस्त्र संघर्ष गरेको तमिल इलम लिट्टेका कट्टर समर्थकका रूपमा चिनिन्छन्। ‘मेरो आमा र बहिनीका लागि यो समयसम्म बाँच्ने कोशिस गरे तर हालै हरिन्द्रले मलाई संचारमाध्यममा अपमानित गरे । मैले रक्तचापको केही गोलीहरू खाएको छु, केही समयपछि म न्यून रक्तचापबाट पीडित हुनेछ र केही घण्टामा मरिसक्नेछु’, सामाजिक संजालमा पोस्ट गरिएको भिडिओमा उनले भनेकी छन् ।

त्यसैगरी भिडिओमा उनले आफ्नो भिडिओ हेरिरहेका प्रशंसकहरूलाई सिमनले आफूलाई कर्नाटकामा जन्मिएकोमा धेरै यातना दिएको बताएकी छन् । ‘महिलाका रूपमा जतिसक्ने हो सहें, अब धेरै दबाब झेल्न सक्दिन’, भिडिओमा उनले अगाडि भनेकी छन्, ‘म पिल्लाई समुदायबाट हुँ, जुन समुदायबाट लिट्टेका नेता प्रभाकरण पनि पर्छन् । प्रभाकरणका कारण मात्र आज सिमनको अस्तित्व छ तर उनले मलाई सामाजिक संजालमा निरन्तर सताउँदै आएका छन् ।’

उनले नेता सिमनले आफूलाई लज्जित गराएर पीडा महशुस गराएको र त्यसका लागि के गर्ने भन्ने निर्णय उनीसँग भएको बताएकी छन् । ‘म मेरा प्रशंसकहरूलाई यो मुद्दाबाट सिमनलाई छुट्कारा नदिन अनुरोध गर्छु, उसले कहिले पनि जमानत पाउनु हुँदैन’, उनले भनेकी छन्, ’मेरो मृत्यु सबैका लागि आँखा खोल्ने माध्यम हुनेछ । म कसैको दास हुन चाहन्न ।’ विशेषगरी कन्नड भाषाका सिनेमामा सक्रिय रहँदै आएकी विजयलक्ष्मीले दक्षिण भारतीय राज्यहरूमा निर्माण हुने तमिल र मल्यालम भाषाका सिनेमामा पनि काम गरेकी छन् ।

# दिपशिखाले गरिन् साम्राज्ञीको समर्थन



**काठमाडौं/मस-** अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहलाई अभिनेता तथा निर्देशक भूवन केसीले १० करोड क्षतीपूर्तीको दाबी गर्दै जिल्ला अदालत काठमाण्डौमा मुद्दा दायर गरेपछि उनीहरु बीचको फाटो झन बढेको छ ।

सामाजिक सञ्जालमा सुरु भएको उनीहरुको झगडा अहिले अदालतसम्म पुगेको छ। अभिनेत्री साम्राज्ञीले आफुविरुद्ध लागेको मुद्दामा डटेर लाग्ने बताएकै बेला उनको समर्थन गर्दै अभिनेत्री दिपशिखा खड्काले नारीलाई कमजोर नसोच्न आग्रह गरेकी छन्। उनले सामाजिक सञ्जालमा लेखेकी छन्, ‘यो बोका नै हो मलाई पनि राम्रोसँग थाहा छ। बोल्न परेको दिन बाउको बिहे देखाइ दिन्छु । नारीलाई कमजोर नसोच ।’

उनले अभिनेता भुवन केसीलाई चेतावनी दिँदै भनेकी छन्, ‘कहिले ब्यक्तिगत कुरा निकाल्ने, कहिले घरायसी कुरा निकाल्ने अनि अब १० करोडको माग ?’ अभिनेत्री दिपशिखाले भुवन केसीले अदालतमा मागेको १० करोडको क्षतिपुर्तिको बारेमा कडा रुपमा प्रस्तुत हुदैं अगाडि लेख्छिन्, ‘भुवन काकालाई १० करोडको क्षतिपूर्ति दिनु पऱ्यो अरे । तेस्का बाजे १० वटा जुत्ताको माला लगाएर हनुमानढोका घुमाउन नपुगेको त्यो पनि कालो मसो दलेर ।’ उनले अपशब्द बोल्दै आफुले भुवन केसीलाई राम्रोसँग चिनेको र बोल्न परेको दिन बाउको देखाइ दिने बताएकी छन् ।

# ऐश्वर्या र आरध्या डिस्चार्ज

**भारत/एजेन्सी-** बलिउड अभिनेत्री ऐश्वर्या राय बच्चन र उनकी छोरी आरध्याको कोरोना परीक्षणको नतिजा नेगेटिभ आएसँगै उनीहरु अस्पतालबाट डिस्चार्ज भएका छन् । अभिनेता अभिषेक बच्चनले ट्वीट गर्दै श्रीमती ऐश्वर्या र छोरी आरध्या अस्पतालबाट डिस्चार्ज भएको जानकारी दिएका छन् ।

‘लगातारको प्रार्थना र शुभेच्छाका लागि सबैलाई धन्यवाद । ऐश्वर्या र आरध्याको कोरोना परीक्षण नेगेटिभ आएर अस्पतालबाट डिस्चार्ज भएका छन् । उनीहरु अब घरमै बस्नेछन् ,’ उनले ट्वीटमा लेखेका छन् ।

अभिषेक र उनका बुबा अभिताभ बच्चन भने अस्पतालमै रहेका छन् । बच्चन बाबु-छोरा गत जुलाई ११ मा मुम्बईको नानावती अस्पतालमा भर्ना भएका थिए । अमिताभ आफ्नो स्वास्थ्यबारे सामाजिक सञ्जालमार्फत जानकारी दिइरहन्छन् ।

# राखेपको सदस्य सचिवमा सिलवाल



**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ साउन

राष्ट्रिय खेलकुद परिषद् राखेपको सदस्य सचिवमा रमेश कुमार सिलवाल नियुक्त भएका छन्। खेलकुद विकास ऐन २०७७ अनुसार मन्त्रिपरिषद्को सोमबार बसेको नियमित बैठकले निवर्तमान सदस्यसचिव सिलवाललाई नै नियुक्त गरेको हो। खेलकुद विकास ऐन २०४८ अनुसार यसअघि सदस्यहुँदै सदस्य सचिव भएका सिलवाल नयाँ ऐन लागू भएपछि पदमुक्त भएका थिए । त्यसपछि युवा तथा खेलकुदमन्त्रालयका सचिव रामप्रसाद थपलिया संयोजक तथा रिम रानाभाट र इन्दिरा निरौला सदस्य रहेको सदस्य सचिव सिफारिस समिति गठन गरिएको थियो ।

क्त समितिमा २७ जनाले दरखास्त दिएकोमा तीन जनाको नाम खेलकुद मन्त्री जगतबहादुर विश्वकर्मालाई सिफारिस गरिएको थियो। मन्त्री विश्वकर्माले मन्त्रिपरिषद्मा लगेको प्रस्तावमा छलफल गर्दै सिलवाललाई नियुक्त गरेको हो । सिलवालसँगै भलिबल टिमकी पूर्व कप्तान अन्जु श्रेष्ठ र नेकपाका केन्द्रीय सदस्य समेत रहेका लिलबहादुर थापालाई उछिन्दै सिलवाल सदस्य सचिव भएका हुन ।

मन्त्रिपरिषद्को निर्णय अनुसार सिलवाल नेपाल सरकारको विशिष्ट श्रेणीको कर्मचारी सचिव सरहको सेवा सुविधाका साथ राखेपका सदस्य सचिव भएका हुन्। उनले मंगलबार रोखेपमा पुगेर पदभार ग्रहण गर्ने बताइएको छ ।

## उपाध्यक्षमा कोइराला



**काठमाडौं, मस**-राष्ट्रिय खेलकुद परिषद्को उपाध्यक्षमा शिव कोइरालालाई नियुक्त गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले कोइरालालाई उपाध्यक्षमा नियुक्त गरेको हो । यसैगरी सदस्य सचिवमा रमेशकुमार सिलवाललाई नियुक्त गरेको छ। वरियताक्रममा उपाध्यक्ष माथि रहे पनि कार्यकारी अधिकार भने सदस्यसचिवलाई रहेको छ । खेलकुद विकास ऐन २०७७ अनुसार तत्कालिन उपाध्यक्ष पिताम्बर तिम्सेना पदमुक्त भएका थिए। उनको ठाउँमा कोइरालालाई उपाध्यक्ष बनाइएको हो ।

## सिलवालका चुनौती

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, १२ साउन

नयाँ खेलकुद विकास ऐन कार्यान्वयनमा आएपछि तत्कालिन सदस्य सचिव रमेशकुमार सिलवाल पदमुक्त भएका थिए ।

गत वर्षको असार २३ गते चार वर्षे कार्यकालका साथ सदस्यसचिव भएका सिलवाल एक वर्ष पुग्न ६ दिन बाँकी छँदा नयाँ खेलकुद विकास ऐन २०७७ अनुसार पद मुक्त भए । त्यसको केही दिन अन्यौलता जस्तै रह्यो। २१ गते युवा तथा खेलकुदमन्त्रालयका सहसचिव भक्तबहादुर ढकाललाई कायममुकायम सदस्य सचिवको जिम्मेवारी तोकियो र सचिवको संयोजकत्वमा सदस्य सचिव छनोट समिति गठन गरिएको थियो ।

उक्त समितिको सिफारिस अनुसार मन्त्रिपरिषद्मा पुगेको तीन जनाको नामबाट सिलवाललाई सदस्य सचिवका लागि चार वर्षे कार्यकाल तोकेर नेपाल सरकारको विशिष्ट श्रेणीको कर्मचारी (सचिव) सरह सेवा सुविधाका साथ सदस्य सचिवमा मन्त्रिपरिषद्ले नियुक्त गरेको हो ।

सदस्य सचिवको रुपमा सिलवालले मंगलबादेखि कार्यभार सम्हाल्ने छन् । गत वर्ष उनी नियुक्त हुँदा नेपालमा आयोजना हुने १३ औं दक्षिण एशियाली खेलकुद साग हुन्छ की हुँदैन भन्ने ठूलो जिज्ञाषा सबैसामू थियो। उनले पहिलो दिननै मुख्य लक्ष्य भनेको साग सम्पन्न गर्नु रहेको बताएका थिए। नभन्दा उनले साग ऐतिहासिक रुपमा भव्य र सव्यरुपमा सफल पनि बनाए ।

उनले साग अघि भनेका थिए नेपालले विगतको भन्दा राम्रो प्रदर्शन गर्छ र मेडल पनि ५० भन्दा बढी स्वर्ण जितेर इतिहार रच्छ भनेका थिए । त्यतिबेला सदस्यसचिव सिलवालका कुरालाई मजाकका रुपमा उडाइए पनि साग सम्पन्न गर्दै गर्दा उनले भनेका कुराहरु पुरा भए। जसले गर्दा खेलकुदमा उनको काम गर्ने शैली भनेर चर्चा पनि गरियो ।

त्यसैका आधारमा पनि उनी पदमुक्त भएपनि पुनः सदस्यसचिवमा आउने चर्चा चलेको थियो। हुन पनि त्यस्तै भयो र सदस्यसचिव भएर आए। सदस्यसचिव भएर आउँदै गर्दा उनको विगतमा जस्तो अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने बाध्यता अहिले छैन ।

तर, कोरोना भाइरसको महामारीका कारण थलिएको खेलकुद क्षेत्रलाई माथि उठाउनु उनको पहिलो चुनौती हो। राजनीतिक पहुँचका आधारमा प्रधानमन्त्री केपी शर्मा ओलीसँग जोडिने नाम भएकाले पनि विभिन्न निर्णय गराउन सफल सिलवालले अब सँग सँगै संघिय मर्म अनुसार नेपाली खेलकुदलाई चलाउनका लागि पहल कदमी लिन आवश्यक छ। यसैगरी खेलकुद ऐन बनि सके पनि अझै यसका नीतिगत संरचनाहरु तयार हुन बाँकी नै छन् । नियमावलीहरु बन्ने क्रममा रहेका छन् ।

ती नियमावलीहरु बनाउनका लागि उनको पनि महत्वपूर्ण भूमिका रहन्छ । यसैगरी बोर्ड गठन लगाएतका कामहरु बाँकी रहेका बेला उनी त्यसमा पनि जुट्नु पर्ने अवस्था छ ।

नयाँ खेलकुद ऐन अनुसार खेलकुदका कर्मचारीलाई खेलसंघमा जानबाट बन्देज लगाइए पनि अबका खेल संघका कस्तो नेतृत्व आँउने हो, कतै खेलकुद नबुझेका व्यक्तिहरुको हाली मुहाली हुने हो की भन्ने आशंकालाई चिर्नका लागि पनि केही क्राइटएरिया बनाएर अघि बढनु सदस्य सचिवका लागि अर्को जिम्मेवारी पनि हो।

यसैगरी खेलकुदका संरचनाहरु बन्ने क्रममा रहेका छन् । ती संरचनाहरु समयमै अर्थात तोकिएकै मितिमा सम्पन्न गराउनका लागि पनि उनी दिनरात नभनि लाग्नु पर्ने छ । यसैगरी टोकियो ओलम्पिकका लागि खेलाडीहरुको सेवा सुविधाका विषयका साथै, यसै वर्ष पोखरामा आयोजना हुने नवौं राष्ट्रिय खेलकुदको तयारी र त्यसको २ वर्ष पछि कर्णालीमा हुने दशौं राष्ट्रिय खेलकुदको पनि तयारी गर्नुपर्ने छ ।

किन भने समयमै प्रतियोगिताहरु भए भने दशौं राष्ट्रिय खेलकुद आयोजना गर्दा पनि सिलवालनै सदस्य सचिवको रुपमा पदमा रहने छन् । खेलकुदका पूर्वाधार निर्माणमा ठगिएको कर्णाली प्रदेशमा पूर्वाधार निर्माणको कामलाई पनि उनले अघि बढाउनु पर्ने ठूलो जिम्मेवारी छ।

नवनियुक्त सदस्य सचिव रमेश कुमार सिलवालले पत्र प्राप्त भएपछि आफ्ले गर्ने कामबारे बताउने प्रतिक्रिया दिएका छन्। सदस्य सचिव नियुक्त भएलगत्तै कुरा गर्दै सिलवालले अहिले निर्णय पूर्णरुपमा सार्वजनिक भएपछि र पत्र प्राप्त भएपछि पदभार ग्रहण गर्ने र त्यसपछि सञ्चारकर्मीसँग कुरा गर्ने बताए ।

# काँग्रेसले ८० स्वर्णधारीलाई नगदसहित सम्मान गर्ने



**काठमाडौं, मस-** नेपाली काँग्रेसले १३ औं दक्षिण एशियाली खेलकुद सागमा स्वर्ण पदक जितेका खेलाडीहरुलाई शुक्रबार सम्मान गर्ने भएको छ । सागमा नेपालले ५१ स्वर्ण पदकसहित २०७ पदक जितेको थियो । हालै काँग्रेसले मोहन बस्नेतको संयोजकत्वमा गठन गरेको खेलकुद विभागले पहिलो चरणमा स्वर्ण पदक जितेका खेलाडीलाई नगदसहित सम्मान गर्ने निर्णय गरेको थियो । सोही निर्णय अनुसार शुक्रबार पार्टी कार्यालय सानेपामा विशेष कार्यक्रमका साथ सम्मान गर्ने विभागका सचिव मिनकृष्ण महर्जनले जानकारी दिए । पहिला व्यक्तिगत इभेन्टमा स्वर्ण विजेतलाई मात्रै सम्मान गर्ने जनाएको काँग्रेसले अब भने समूहमा स्वर्ण जित्नेलाई पनि सम्मान गर्ने निर्णय गरेको छ । काँग्रेसले एक मात्र स्वर्ण जित्नेलाई १० हजार, दोहोरो स्वर्ण जित्नेलाई १५ हजार तेहेरो स्वर्ण जित्नेलाई २० हजार र चार वटा स्वर्ण जित्नेलाई २५ हजार प्रदान गरिने छ ।

समूहमा स्वर्ण जित्ने फुटबलका पनि सबै खेलाडी (२३ जना) लाई जनही १० हजारका दरले सम्मान गर्ने पनि सचिव महर्जनले बताए । नेपालले व्यक्तिगत र समूहगत गरि १३ वटा खेलमा स्वर्ण पदक जितेको थियो ।

नेपालले समूहगतरुपमा फुटबलले स्वर्ण पदक जितेको थियो भने कराते, तेक्वान्दो र गल्फमा व्यक्तिगत र समूहगत स्वर्ण पदक जितेको थियो। यसैगरी उसु, पौडी, साइक्लिङ, बक्सिङ, एथ्लेटिक्स, जुडो, ट्रायाथलन, भारतोलन र कुस्तीमा व्यक्तिगत स्वर्णपदक जितेका थिए । समूह र ब्यक्तिगत गरि ८० जना खेलाडी सम्मानित हुने छन् । पौडीमा जितेको चार स्वर्ण गौरिका सिंहले व्यक्तिगतरुपमा जितेकी हुन्। उनले सर्वाधिक २५ हजार नगद पुरस्कार पाउने छिन्। यसैगरी करातेका मन्डेकाजी श्रेष्ठ, तेक्वान्दोकी आयशा शाक्य र गल्फका सुबास तामाङले सागमा दुई दुई स्वर्ण पदक जितेका थिए ।

# तेक्वान्दो संघमा आवद्ध १२ कर्मचारीको विदाइ



**काठमाडौं, रासस-** नेपाल तेक्वान्दो सङ्घले आफनो सङ्घको केन्द्रीय कार्य समितिको विभिन्न पदमा रहेको पदाधिकारी र सदस्यलाई बिदाइ गरेको छ । सङ्घद्वारा सोमबार आयोजित एक कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद् (राखेप) पनि आबद्ध रहेका १२ कर्मचारीलाई बिदाइ गरेको हो । बिदाइ हुनेमा सङ्घका सचिव नवीनकुमार श्रेष्ठ, प्रवक्ता दीपक विष्ट र सहकोषाध्यक्ष सुमनकुमार घले छन् । त्यसैगरी सदस्यमा टिकाप्रसाद लिम्ब, सङ्गिना वैद्य, नोर्बु लामा, हेमन्त डाँगी, श्रीमान थापामगर, पूर्ण योञ्जन, कविराज खड्गी, हिराबहादुर थापा र मिन न्यौपाने छन् ।

नेपाल सरकारद्वारा जारी गरिएको राष्ट्रिय खेलकूद विकास ऐन २०७७ कार्यान्वयन भएसँगै राखेपका कर्मचारीहरु कुनै पनि खेलकुद सङ्घमा आबद्ध हुन नपाउने प्रावधानअनुसार उनीहरुले सङ्घलाई राजिनामा बुझाएका हुन्। सोहीअनुसार सङ्घले उनीहरुको राजिनामा स्वीकृत गर्दै बिदाइ गरेको हो ।

कार्यक्रममा नेपाल तेक्वान्दो सङ्घका अध्यक्ष प्रकाशशम्शेर राणाले सङ्घमा आबद्ध सबै पदाधिकारीले तेक्वान्दो खेलको विकास र संस्थागत हितका लागि पुऱ्याएको भूमिका उल्लेखनीय रहेको बताए ।

# विश्वकप सुपर लिगको घोषणा

**काठमाडौं, एजेन्सी-** अन्तर ाष्ट्रिय क्रिकेट परिषद् 'आईसीसी' ले पुरुष क्रिकेट विश्वकप सुपर लिगको घोषणा गरेको छ । आईसीसीले सोमबार एकदिवसीय विश्वकप छनोटको रुपमा रहेको विश्वकप सुपर लिगको घोषणा गरेको हो ।

आगामी जुलाई ३० मा इङ्ल्याण्डमा सुपर लिग सुरु हुने भएको हो । साउथह्याम्पटनमा हुने उद्घाटन खेलमा इंग्ल्याण्ड र आयरल्याण्डले प्रतिस्पर्धा गर्ने आईसीसीले जनाएको छ। १३ टोलीको सहभागिता रहने लिग एक दिवसीय फर्म्याटमा हुनेछ। लिगमा १२ टेष्ट राष्ट्र र नेदरल्याण्डले सहभागिता जनाउँदैछन् ।

आईसीसी विश्व क्रिकेट सुपर लिग विजेता भएको कारण नेदरल्यान्ड्सले खेलमा सहभागिता जनाउन पाएको हो। हरेक टोलीले होम एण्ड अवेका आधारमा तीन खेलको चार-चार सिरिज खेल्नेछन्। सुपर लिगको शीर्ष सात टोली सन् २०२३ मा भारतमा हुने एकदिवसीय विश्वकपमा छनोट हुनेछन् ।

## इंग्ल्याण्ड क्रिकेट टिमको घोषणा



काठमाडौं, एजेन्सी- आयरल्याण्डविरुद्धको एकदिवसीय सिरिजका लागि इंग्ल्यान्डले टिमको घोषणा गरेको छ। इंग्ल्यान्डले सोमबार इयान मोर्गनको कप्तानीमा टोलीको घोषणा गरेको हो ।

इंग्ल्यान्ड घोषणा गरेको १४ सदस्सीय टिमको उपकप्तान मोइन अली रहेका छन्। यस्तै टिममा टम बानटन र जोइ डेन्लीले पहिलो पटक स्थान बनाएका छन् । इंग्ल्यान्डले आयरल्याण्डसँग तीन खेलको सिरिज खेल्नेछ। दुई टिमबीचको सिरिज ३० जुलाईमा साउथह्याम्पटनमा सुरु हुनेछ ।

## युभेन्टस सिरी 'ए' च्याम्पियन



**काठमाडौं, एजेन्सी-** इटालियन जाइन्ट युभेन्टस लगातार नवौं सिजन इटालियन सिरी 'ए' को च्याम्पियन बनेको छ । घरेलु मैदान एलिएन्ज एरिनामा साम्पडोरियामाथि २-० को जित निकाल्दै युभेन्टस दुई खेल बाँकी छदै सिरी 'ए' च्याम्पियन बनेको हो ।

युभेन्टसलाई च्याम्पियन बनाउन क्रिस्टियानो रोनाल्डो र फेडरिको बर्नरडेस्चीले गोल गरे । रोनाल्डोले एक पेनाल्टीमा गोल गर्न सकेनन्। घरेलु मैदानमा आइतबार राति भएको खेलमा पाहुना टोलीलाई दवावमा राखेपनि युभेन्टसले गोलको लागि पहिलो हाफको अन्तिम समय नै कुर्नुपरेको थियो ।

२०औं मिनेटमा रोनाल्डोले गोल गर्ने अवर चुकाउदा युभेन्टस अग्रता लिनबाट चुकेको थियो । ४४औं मिनेटमा मिरालेम प्यानिचको पासमा फेडरिको बर्नरडेस्चीको साम्पडोरियाका गोलरक्षक इमिल एयुडेरोले बचाए । पहिलो हाफको इन्ज्युरी समयको थप गरिएको सातौ मिनेटमा रोनाल्डोले गोल गर्दै युभेन्टसलाई १-० को अग्रता दिलाए । मिरोलम प्यानिचको उत्कृष्ट सेट पिस पासमा रोनाल्डोले बटम राइट कर्नरमा गोल गर्न सफल भएको थियो ।

५२औं मिनेटमा साम्पडोरियाका जाकुव जान्कटुले अवसर पाएपनि सदुपयोग गर्न सकेनन्। ६१औं मिनेटमा रोनाल्डोको प्रहारलाई गोलरक्षक इमिल एयुडेरोले बचाए । ६७औं मिनेटमा फेडरिको बर्नरडेस्चीले गोल गर्दै युभेन्टसको अग्रता दोब्बर पारे । पेनाल्टी बक्स बाहिरको रोनाल्डोको सशक्त प्रहारलाई गोलरक्षक इमिल एयुडेरोले रोकेपनि रिवाउन्डमा फेडरिकोले गोल गर्न सफल भएका थिए ।

७७औं मिनेटमा साम्पडोरिया १० खेलाडीमा समेटियो । मिरालेम प्यानिचमाथि फउल गरेपछि रेफ्रीले मोर्टेन थोर्सवीलाई दोहोरो पहेँलो कार्ड देखाउदै मैदान बाहिर पठाए। ८८औं मिनेटमा युभेन्टसले पेनाल्टी पाएपनि रोनाल्डोले सदुपयोग गर्न सकेन । एलेक्स सान्द्रोलाई डिपाओलीले पेनाल्टी बक्समा लडाएपछि प्राप्त पेनाल्टीमा रोनाल्डोको प्रहार क्रसबारमा लागेर बाहिरिएको थिए ।

च्याम्पियन बनेको युभेन्टसको ३६ खेलबाट ८३ अंक पुगेको छ । दोस्रो स्थानम रहेको इन्टर मिलानको ७६ अंक रहेको छ । पराजित साम्पडोरिया ४१ अंक जोडेर १५औं स्थानमा रहेको छ ।

# २०३२ को ओलम्पिकमा कतारको दावी



**काठमाडौं, एजेन्सी-** सन् २०२२ को कतार विश्वकपको आयोजनाको तयारीमा रहेको कतारले सन् २०३२ को ओलम्पिक आयोजनाका लागि दावेदारीता पेश गर्ने भएको छ ।

गल्फ अरव स्टेटको ओलम्पिक कमिटीले सोमबार २०३२ को ओलम्पिक आयोजनाका लागि अन्तर ाष्ट्रिय ओलम्पिक कमिटीलाई प्रपोजल पठाएको र छलफल सुरु गरेको जनाएको छ ।

तेलको ब्यापारका कारण धनी भएको कतार पछिल्लो पटक विश्वका ठुलो खेलकुद प्रतियोगिता आयोजनाका लागि इच्छुक देखिएको छ । उसले अहिलेसम्म विश्व एथ्लेटिक्स च्याम्पियनसिप गरिसकेको छ भने एशियन गेम्सको पनि आयोजना भव्य गरेको छ। अब फिफा विश्वकपका लागि पनि अत्याधुनिक पूर्वाधारको काम गरिरहेको छ।

कतार ओलम्पिक कमिटीका प्रमुख शेख जोआन बीन हमद बिन खलिफा अल थानीले कतारले विश्व खेलकुदमा आफुलाई उभ्याउन खोजेको र विभिन्न देशको संस्कृतीलाई जान्न खोजेकाले ठुलो प्रतियोगिता गर्न इच्छुक रहेको बताएका छन् ।

मध्यपूर्वी देशहरुले अहिलेसम्म ओलम्पिकको आयोजना गरेका छैनन्। कतार पहिलो पटक विश्वकपको आयोजना गर्दैछ । यसकालागि कतारले खर्बौ रुपैयाँ खर्च गरेको छ। तर विश्वकपको पूर्वाधार बनाउने क्रममा मानवअधिकार संस्थाले कतारको ठूलो आलोचना गरेका थिए ।

सन् २०३२ को ओलम्पिक आयोजनाका लागि भारत, अष्ट्रेलियाको क्वीन्सल्याण्ड, चीनको सांघाईले दाबी गर्ने तयारी गरिरहेका छन् । यससँगै केही समयअघि दक्षिण र उत्तर कोरियाले पनि संयुक्त रुपमा आयोजना गर्ने अनौपचारिक प्रस्ताव गरेका थिए ।

# कोरोना प्रभावित व्यवसायीका लागि कर्जाको पुनर्तालिकिकरण गर्न निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ साउन

नेपाल राष्ट्र बैंकले कोरोनाबाट असर पुर्याएका उद्योगी व्यवसायीले लिएको कर्जाको पुर्नसंरचना तथा पुर्नतालिकिकरणको लागि निर्देशन दिएको छ । राष्ट्र बैंकले सोमबार मौद्रिक नीति पश्चात सबै बर्गका बैंक तथा तथा वित्तीय संस्थाका एकिकृत निर्देशन जारी गर्दै कर्जाको पुर्नतालिकिकरण तथा पुर्नसंरचनाको व्यवस्था गरेको हो ।



बैंकले कोरोनाबाट असर पुर्याएको उद्योग व्यवसायले लिएका कर्जाको भुक्तानी अवधि थप गर्ने सम्बन्धमा न्यून प्रभावित, मध्यम प्रभावित तथा अति प्रभावित क्षेत्रमा प्रवाहित कर्जाको साँवा तथा ब्याज रकमलाई कुनै किसिमको थप पेनाल ब्याज र शुल्क हर्जाना र ब्याजको ब्याज नलिई समयाबधि थप गर्न निर्देशन दिएको छ । नेपाल राष्ट्र बैंकबाट “क”, “ख” र “ग” वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ मा कोभिड-१९ बाट न्यून प्रभावित क्षेत्रमा प्रवाह भएका सक्रिय कर्जाको २०७७ असार मसान्तसम्म भुक्तानी हुनुपर्ने साँवाको किस्ता र ब्याज रकमलाई २०७७ पुस मसान्तसम्ममा भुक्तानी गर्न निर्देशन दिएको हो । यसैगरी मध्यम प्रभावित कोभिड-१९ बाट मध्यम प्रभावित क्षेत्रमा प्रवाह भएका सक्रिय कर्जाको २०७७ असार मसान्तसम्म भुक्तानी हुनुपर्ने साँवाको किस्ता र ब्याज रकमलाई २०७७ चैत मसान्तसम्ममा भुक्तानी समय दिएको छ । कोभिड-१९ वाट अति प्रभावित क्षेत्रमा प्रवाह भएका सक्रिय कर्जाको २०७७ असार मसान्तसम्म भुक्तानी हुनुपर्ने साँवाको किस्ता र ब्याज रकमलाई २०७८ असार मसान्तसम्ममा भुक्तानी गर्ने समय दिएको छ ।

तर, कोभिड-१९ को कारण पुनर्स्थापित हुन समय लाग्ने पर्यटन क्षेत्र लगायतका अति प्रभावित उद्योग व्यवसायमा प्रवाह भएका सक्रिय कर्जाको २०७७ असार मसान्तसम्म भुक्तानी हुनुपर्ने साँवाको किस्ता र ब्याज रकमको भुक्तानीका लागि २ वर्षसम्मको समय प्रदान गर्न सकिने व्यवस्था गरेको छ । भुक्तानी अवधि थप गरिएका कर्जाको २०७७ असार मसान्तसम्मको भुक्तानी हुन बाँकी साँवा र ब्याज रकमलाई भुक्तानी अवधि थप भएको समयावधिभित्र समानुपातिकरुपमा कम्तिमा क्रमश: २ किस्ता, ३ किस्ता र ४ किस्तामा असुल गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

तोकिएको भुक्तानी तालिकाबमोजिम भुक्तानी गर्ने ऋणीबाट कुनै पनि किसिमको पेनाल ब्याजरशुल्करहर्जानारब्याजको ब्याज लिन पाइने छैन । नेपाल राष्ट्र बैंकबाट “क”, “ख” र “ग” वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ मा कोभिड-१९ को महामारीबाट अर्थतन्त्रका विभिन्न क्षेत्रमा परेको प्रभाव र त्यसबाट वित्तीय क्षेत्रमा पर्नसक्ने असर तथा उद्योग व्यवसायको पुनरुत्थानमा लाग्नसक्ने समय आदिको अध्ययनका आधारमा प्रभावित क्षेत्रहरुलाई वर्गीकरण गरिएको छ ।

# नेपाल टेलिकमको वेबसाईट परिमार्जन ग्राहकका लागि यस्ता छन् नयाँ फिचरहरु

**काठमाडौं/मस**–नेपाल टेलिकमले आफ्नो वेबसाईटलाई थप परिमार्जन गरेको छ । टेलिकमले थप ग्राहकमैत्री बनाउन विभिन्न फिचरहरु थपेर विभिनन जानकारी पाउन सकिनेगरी आफ्नो वेबसाईट परिमार्जन गरेको हो । वेबसाइटको होमपेजमै राखिएको सेल्फ केयर एकाउन्टको प्रयोग गरी विभिन्न सेवाका बारेमा जानकारी प्राप्त गर्न र सेवा खरिद गर्न सकिने टेलिकमले जानकारी दिएको छ । सेल्फ केयर एकाउन्टमार्फत विभिन्न सेवामा रिचार्ज गर्न, ब्यालेन्स ट्रान्सफर गर्न र प्याकेज खरिद गर्न पनि सकिन्छ ।

आफन्त वा साथीभाईलाई प्याकेज गिफ्ट दिन पनि सकिन्छ । त्यसैगरी आफूले खरिद गरेको प्याकेजको भोल्युमका साथै मोबाइलमा उपलब्ध ब्यालेन्सको बारेमा समेत जानकारी लिन सकिन्छ । रिचार्ज कार्डमा भएको पिन नम्बर प्रयोग गरेर तथा भिसा वा मास्टर कार्ड प्रयोग गरेर कम्पनीका विभिन्न सेवाहरुमा अनलाइन रिचार्ज पनि वेबसाइटबाटै गर्न सकिन्छ । नयाँ सिमकार्ड लिनका लागि आवश्यक केवाईसी फारम समेत वेबसाईटबाटै भर्न सकिने टेलिकमले जानकारी दिएको छ ।

कम्पनीबाट उपलब्ध रोमिङ सेवा, फ्रेन्ड एन्ड फेमीली सेवा, नमस्ते क्रेडिट सेवा, मिस्ड कल अलर्ट सेवा, डाटा रोमिङ र इन्टर नेसनल रोमिङ सेवा, भ्याल्यु एडेड सर्भिस, फोरजी एलटीई सेवा, फाइबर टु द होम सेवा, एडीएसएल सेवा, कर्पोरेट युजर ग्रुप जस्ता सेवाहरुको बारेमा समेत जानकारी लिन सकिन्छ । कम्पनीद्वारा उपलब्ध गराइएका पोष्टपेड तथा प्रिपेड मोबाइल, ल्यान्डलाइन तथा अन्य विभिन्न सेवाहरुका थप विशेषताका बारेमा यसबाट प्रशस्त उपयोगी जानकारी प्राप्त गर्न सकिन्छ । त्यसैगरी रिचार्ज कार्डका ६ वटासम्म अंकहरु मेटिएको अवस्थामा पनि वेबसाइटबाटै रिचार्ज गर्न सकिने सुविधा प्राप्त गर्न सकिन्छ ।

यस्तै कम्पनीका विविध गतिविधिहरुको जानकारीका लागि प्रकाशित गरिएका प्रेस विज्ञप्ति र न्युजलेटर समेत यहींबाट अध्ययन गर्न सकिन्छ । साथै कम्पनीले मासिक रुपमा प्रकाशन गर्ने एनटी न्युजलेटर कम्पनीको वेबसाईटबाटै सब्सक्राईब समेत गर्न सकिन्छ । नेपाल टेलिकमले वितरण गरेका स्थानीय टेलिफोन नम्बरहरुको बारेमा जानकारी लिन तथा आफूले चाहेका व्यक्तिगत वा संस्थागत ग्राहकको नम्बर पनि वेबसाइटबाटै खोज्न सकिन्छ । आफूलाई आवश्यक पर्ने नेपाल टेलिकमका कुनैपनि सेवाको बारेमा खोजी गर्न अर्थात सर्च गर्न सकिने सुविधा समेत वेबसाइटको होमपेजमै उपलब्ध छ । होमपेजको मेनुको अन्त्यमा रहेको आइकनमार्फत सेवाहरुका बारेमा विस्तृत जानकारी प्राप्त गर्न सकिन्छ । वेबसाइटको होमपेजमै विभिन्न डाटा प्याकेजहरुको जानकारी उपलब्ध छ । यहींबाट आफूलाई आवश्यक डाटा प्याकेज खरिद गर्न सकिन्छ । पछिल्लो समयमा लोकप्रिय मानिएका डाटा प्याकेजहरुलाई क्रमश: राखिएकाले धेरै ग्राहकले यसको प्रयोगलाई सहज मान्ने गरेका छन् ।

यसको अलावा नेपाल टेलिकम मोबाइल एपको बारेमा जानकारी पनि कम्पनीको वेबसाईटमा उपलब्ध छ । मोबाइल एपको प्रयोग गरेर सहज रुपमा विभिन्न सुविधा लिन र प्रयोग गर्न सकिन्छ । साथै डाउनलोडमा गएर कम्पनीको प्रबन्धपत्रदेखि विभिन्न सेवाका फारामहरु, बोलपत्र आव्हान आदि प्राप्त गर्न सकिन्छ भने न्यज एन्ड अपडेटबाट कम्पनीको वार्षिक स्मारिका, महत्वपूर्ण सूचनाहरु तथा विभिन्न शैक्षिक कार्यक्रमका नतिजाहरु सहज रुपमा प्राप्त गर्न सकिन्छ । कम्पनीका मोबाइल सेवा, ल्याण्डलाइन टेलिफोन, एफटिटिएच तथा एडिएसएल सेवाका बारेमा विविध जानकारी प्राप्त गर्न र सोधपुछ गर्न तथा गुनासाहरु दर्ता गराउनका लागि प्रयोग हुने विभिन्न सर्ट कोडहरु पनि वेबसाइटबाट प्राप्त गर्न सकिन्छ ।

# एक वर्षमा साढे ३२ हजारले बढ्यो सुन



**काठमाडौं/मस**–पछिल्लो एक वर्षको अवधिमा नेपाली बजारमा पहेँलो धातुको मूल्यमा भारी वृद्धि भएको छ । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार सो अवधिमा सुनको मूल्यमा प्रतितोला रु ३२ हजार ५०० ले वृद्धि भएको छ ।

गत साउन १२ गते नेपाली बजारमा छापावाला सुनको मूल्य प्रतितोला रु ६५ हजार र तेजाबी सुन प्रतितोला ६४ हजार ७०० तथा चाँदीको मूल्य प्रतितोला रु ७७५ कायम भएको थियो ।

यस्तै, एक वर्षको अवधिमा चाँदीमा पनि प्रतितोला रु ४३५ वृद्धि भएको छ । त्यसयता स्थानीय बजारमा सुनचाँदीको मूल्यमा निरन्तर वृद्धि भइरहेको छ । लगातार उकालो लाग्दै आएको पहेँलो धातुको मूल्यमा आज पनि उच्च वृद्धि भएको छ । महासङ्घका अनुसार आज पनि सुनको मूल्य प्रतितोला रु एक हजार २०० ले बढेको छ ।

महासङ्घले सोमबारका लागि छापावाला सुनको मूल्य प्रतितोला र ९७ हजार ५०० र तेजाबी सुनको मूल्य प्रतितोला रु ९७ हजार ६० निर्धारण गरेको छ । यो अहिलेसम्मकै उच्च हो । आइतबार छापावाला सुनको मूल्य प्रतितोला रु ९६ हजार ३०० र तेजाबी सुनको मूल्य प्रतितोला रु ९५ हजार ८६० तोकिएको थियो ।

अन्तर्राष्ट्रिय बजारमा नै सुनको मूल्य लगातार बढेकाले त्यसको प्रभाव स्थानीय बजारमा परेको महासङ्घले जनाएको छ । मनि मेटल एक्सचेन्जका अनुसार आज अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य प्रतिऔंस एक हजार ९४२.२० डलर पुगेको छ । सुनको मूल्य प्रतिऔंस दुई हजार डलर पुग्ने अनुमान गरिएको छ । महासङ्घका अध्यक्ष मोहनकुमार सुनार लगानीकर्ताले सुनलाई सुरक्षित मानेर लगानी गर्दा अन्तर्राष्ट्रियरुपमै मूल्य बढेको बताउँछन् । सुन प्रतितोला झण्डै रु एक लाख पुग्नै लागे पनि यसको कारोवार भने ठप्प रहेको उनको भनाइ छ ।

# सेलपे र रिलायबल लाइफ इन्सुरेन्स बिच सहकार्य

**काठमाडौं/मस**–नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त भुक्तानी सेवा प्रदायक सेलकम प्रालिको सेलपे र रिलायवल लाईफईन्सुरेन्सबीच सहकार्यसम्बन्धी सम्झौता भएको छ । सेलपेमार्फत रिलायबल लाइफ इन्सुरेन्ससँग बिमा प्रिमियमको डिजीटल भुक्तानीको लागि सहकार्य गर्ने गरी उक्त सहकार्य सम्झौता भएको हो । सहकार्य सम्झौतामा रिलायबल लाइफ इन्सुरेन्सका प्रमुख कार्यकारी अधिकृत नारायण बाबु लोहनी र सेलकम प्रालिका प्रबन्ध निर्देशक पवन प्रधानले हस्ताक्षर गरेका छन् । उक्त सहकार्य अन्तर्गत, अब रिलायबल लाइफका ग्राहकहरुले आफ्नो बिमा प्रिमियम तिर्न बैंक वा कार्यालय नै पुग्न पर्ने बाध्यता हटेको छ र सजिलै सेलपे एप वा वेब एप्लीकेसन प्रयोग गरी डिजिटल भुक्तानी गर्न सक्नेछन् । बिमा प्रिमियम तिर्न का लागि सेलपेमा आफ्नो खाता लिंक गरि सजिलै बिना कुनै झन्झट, कुनै पनि समयमा रकम तिर्न सकिने छ । यसका लागि ग्राहकलेमा लगईन गरी बीमा अप्सनमा गएर रिलायबल लाइफ छनौट गरि आफ्नो पोलिसि नम्बर र जन्म मिति राखे पस्चात आफ्नो बिमा विवरण जाँच गरि देखाएको प्रिमियमको रकम पे बटन थिच्न सक्नेछन् ।

# प्राधिकरण पुनरावेदन समितिले थाल्यो अनलाइन सुनवाई

**काठमाडौं/मस**–राष्ट्रिय पुनर्निर्माण प्राधिकरण पुनरावेदन समितिले पुनरावलोनका लागि भूकम्प पीडितहरुबाट परेका उजुरीहरुको अनलाइन सुनवाई थालेको छ । लामो दूरीका यातायातका साधन नचलेको अवस्थामा उजुरीकर्ताहरुलाई सहज होस् भनेर समितिले सोमबारबाट अनलाइन सुनवाई थालेका हो । सोमबार समितिको तीन सदस्यीय पूर्ण इजलासले नुवाकोटका ५० जना उजुरीकर्तासँग प्रत्यक्ष कुराकानी गरी सुनवाई गर्यो । जिल्ला आयोजना कार्यान्वयन इकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) नुवाकोटको संयोजनमा ती उजुरीकर्ताले समितिसमक्ष आफ्नो उजुरीको बचाउ गरे । ‘सुनुवाइको लागि जिल्ला जिल्लाबाट उजुरी दिएका पक्षहरू सिंहदरबार आउन नपरोस् र सुनुवाई पनि सहज होस् भनेर हामीले प्रविधिको प्रयोग गरी अनलाइनबाट सुनवाई थालेका हौं, समिति सदस्य भीष्मराज कडरियाले बताए ।

समिति सदस्य कडरियाले आगामी दिनमा उजुरीकर्तालाई काठमाडौंसम्म आउने झन्झट र आर्थिक भार नपरोस् भनेर अनलाइन सुनवाई निरन्तर गर्ने योजना रहेको जानकारी दिए । समितिको कार्यालय सिंहदरबारस्थित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको केन्द्रीय कार्यालय परिसरमा रहेको छ ।

समितिले यसअघि उजुरीको दर्ता क्रमअनुसार पेशी तोकी सुनवाई गर्ने गरेको भए पनि अबदेखि प्राविधिक र व्यवस्थापनलाई ध्यान दिएर एक दिनमा एउटा जिल्लाका उजुरीहरुको सुनवाई गर्नेछ । समितिको जिल्ला सम्पर्क कार्यालयका रुपमा काम गरिरहेका जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) ले समितिले साप्ताहिक पेशीमा तोकेका उजुरीकर्ताहरुलाई टेलिफोनमार्फत् सम्पर्क गरी अनलाइन सुनवाईमा उपस्थिति हुने व्यवस्था गर्नेछ ।

२०७७ साल असार मसान्तसम्म समितिमा कूल ७ हजार ३६ उजुरी परेका थिए, जसमध्ये ६ हजार ७ पुनरावेदनमा छानविन र सुनुवाईको प्रकृया पुरा भई आदेश वा निर्णय भइसकेको छ । तीमध्ये २ हजार ८६ वटा उजुरीको फैसला भइसकेको छ ।

फैसला भएका उजुरीमध्ये १ हजार ३ सय ६७ को सुरु सदर भएको छ भने १ सय ६१ उजुरीमा उल्टी फैसला भएको छ । जसमा १२२ वटा पुनर्निर्माण छन् भने ३९ वटा प्रवलीकरण छन् । उजुरीमध्ये ६१ तामेलीमा गएका छन् भने ४ सय ९७ को खारेजी फैसला भएको छ ।

समितिमा दर्ता भएकामध्ये धेरैजसो उजुरी प्राधिकरणले अनुदान दिनु पर्नेलाई अनुदान नदिएको र दिन नपर्नेलाई दिएको, पुनर्निर्माण अनुदान प्राप्त गर्न पर्नेले प्रवलीकरणको अनुदान प्राप्त गर्ने निर्णय भएकोसँग सम्बन्धित छन् ।

भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी ऐन, २०७२ मा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट भएका आदेश वा निर्णयउपर चित्त नबुझ्ने पक्षले तीन सदस्यीय पुनरावेदन समितिसमक्ष पुनरावेदन गर्न पाउने प्रावधान छ ।

# एनआईसी एशिया बैंकको अनलाईन खाता खोल्न सकिने

**काठमाडौं/मस**–‘बैंक पनि साथी पनि, राम्रो पनि हाम्रो पनि’ भन्ने मूल नाराका साथ लाखौं ग्राहक महानुभावहरूमाझ गतिशिल बैंकिङ्गको अभ्यास गर्दै आएको यस एन आई सी एशिया बैंकले समयअनुरुप परिस्कृत सेवा तथा सुविधाहरू ल्याउने क्रमलाई निरन्तरता दिँदै सेवाग्राही आफै बैंकको शाखा पुगेर डिजिटल माध्यमबाट बचत खाता खोल्न मिल्ने डिजिटल एकाउन्ट ओपनिंग प्रणालीको सुरुवात गरेको छ । ग्राहक महानुभावहरूले उक्त डिजिटल एकाउन्ट ओपनिंग प्रणालीमार्फत भौतिक फारमको सट्टा खाता खोल्नको लागि आवश्यक आफ्नो विवरण, फोटो, औंठाछाप, हस्ताक्षर लगायतका विवरणहरू डिजिटल प्रणालीबाटै भरी बचत खाता सहज तरिकाले खोल्न सक्ने व्यवस्था बङ्कैले गरेको छ । यस प्रणालीमा सेवाग्राहीहरूले चमत्कारिक सुविधाहरूले भरिपूर्ण ९ वटा न्यू प्रिमियम सुपर चमत्कारिक खाता योजनाहरूमध्ये आफुले इच्छाएको खाता छनौट गरी बिना झन्झट आफ्नो खाता डिजिटल रुपमा खोल्न सक्नुहुनेछ । कम्प्युटरमा दक्षता नपुगेका महानुभावहरूका निम्ति बैंककै कर्मचारीहरूको सहयोगमा डिजिटल रुपमा खाता खोल्न सकिने समेत व्यवस्था गरेको छ । जसका लागि बैंकले देशभर रहेका आफ्ना शाखा कार्यालयहरूमा छुट्टै डिजिटल लबीको व्यवस्था गरेको छ । देशको ‘डिजिटल फर्स्ट बैंक’ बन्ने दीर्घकालीन लक्ष्यअनुरुप डिजिटल माध्यमबाट बैंकिङ्ग कारोबारलाई बढाउनुका साथै आफ्ना अधिकतम सेवाहरूलाई डिजिटल माध्यममा लैजाने क्रममा ‘डिजिटल एकाउन्ट ओपनिंग’ प्रणाली जस्तो नवीनतम सुविधा ल्याएको छ ।


## विज्ञापन दर/रेट परिवर्तन सम्बन्धी सूचना

मध्यान्ह राष्ट्रिय दैनिकमा आ.व.२०७७/०७८ मा प्रकाशन हुने विज्ञापनको दर रेट निम्नानुसार कायम गरिएको छ । यो दर रेट २०७७ साउन १५ गतेदेखि लागू हुने व्यहोरा सम्पूर्ण विज्ञापनदाता, एजेन्सी एवं सम्बन्धित सवैमा जानकारी गराइन्छ ।

### बिज्ञापन दर रेट

| | रंगिन प्रति सिसि | स्यामस्वेत प्रति सिसि |
|---|---|---|
| **प्राइभेट :** | | |
| प्रथम पृष्ठ | रू. १,६००/- | रू. १६,००/- |
| भित्री पृष्ठ | रू. १,४००/- | रू. १,२५०/- |
| अन्तिम पृष्ठ | रू. १,५००/- | रू. १,५००/- |
| **सरकारी :** | | |
| प्रथम पृष्ठ | रू. २,०००/- | रू. १,८००/- |
| भित्री पृष्ठ | रू. १,६००/- | रू. १,३००/- |
| अन्तिम पृष्ठ | रू. १,७००/- | रू. १,५००/- |
| **वर्गीकृत :** | | |
| वर्गीकृत डिस्प्ले | रू. १,५००/- | रू. १,०००/- |
| वर्गीकृत डिस्प्ले(प्रति शब्द) | | रू. २०/- |

ज्याकेट २ पेज रू. १०,००,००० /-

उल्लेखित दर रेट मू.अ.क. बाहेक

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

पो.ब.नं. २१९३४, बागबजार, काठमाडौं,
फोन नं. ४२२६३६६, ४२२८२९८
Email: madhyanhadaily59@gmail.com
Web: www.madhyanhadaily.com


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**